# विद्यार्थीसँग

# नेपाल राष्ट्र बैंक




नेपाल राष्ट्र बैंक

**केन्द्रीय कार्यालय**

**गभर्नरको कार्यालय**

**बालुवाटार, काठमाडौं**

**टेलिफोन : ०१-४४१०३८६**

**फ्याक्स : ०१-४४१०१५९**

**इमेल : ofg@nrb.org.np**

# ‘विद्यार्थीसँग नेपाल राष्ट्र बैंक’

## (बालबालिका तथा युवाहरूका लागि वित्तीय साक्षरता)

**नेपाल राष्ट्र बैंक**

**गभर्नरको कार्यालय**

२०७० पुस

| | | |
|---|---|---|
| **पुस्तक** | **:** | **विद्यार्थीसँग नेपाल राष्ट्र बैंक** |
| प्रकाशक | : | नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय |
| लेखन/सम्पादन | : | चिन्तामणि शिवाकोटी, अशोककुमार पौडेल<br>रामहरि दाहाल, भागवत आचार्य |
| भाषा सम्पादन | : | केशवप्रसाद आचार्य |
| लेआउट | : | गणेशमान महर्जन |
| आवरण | : | रामप्रसाद राजभण्डारी |
| पहिलो संस्करण | : | २०७० पुस |
| प्रकाशित सङ्ख्या | : | १५०० प्रति |
| मुद्रण | : | प्रेस सोलुसन प्रा. लि., सामाखुशी, काठमाडौं |
| फोन | : | ४३८७०६६ |

# प्राक्कथन

विद्यार्थीहरूमा वित्तीय चेतना अभिवृद्धि गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम सञ्चालन गर्न लागेको छ । यस कार्यक्रमले बालबालिका एवम् युवाहरूमा वित्तिय ज्ञान अभिवृद्धि गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । यसै क्रममा यो पुस्तिका यहाँहरूको हातमा आएको छ ।

सामान्य अर्थमा वित्तीय कारोबार सम्बन्धी ज्ञान नै वित्तीय चेतना हो । यसले मानव जीवनको लागि अपरिहार्य वित्तीय साधनहरू र वित्तीय कारोवार सम्बन्धी चेतनाको क्षितिज फराकिलो पार्न सहयोग पुऱ्याउँछ । वित्तीय पहुँच न्यून भएको नेपालजस्तो मुलुकमा वित्तीय चेतनाको अभिवृद्धि अत्यन्त आवश्यक छ । यस चेतानाले आम जनमानसलाई बैंकिङ तथा वित्तीय सेवाको उपभोगप्रति अभ्यस्त तुल्याउँछ । यसबाट सूचना प्रविधिमा भएको तीव्र विकासले वित्तीय बजार र उपकरणमा थपेको जटिलता र तिनीहरूमा अन्तर्निहित जोखिमलाई न्यूनीकरण गर्न सघाउ पुऱ्याउँछ । आजका किशोर किशोरी भोलिको नेपालका कर्णधार भएका हुँदा यस कार्यक्रमले तिनै र युवा विद्यार्थीहरूलाई मुलुकको बैंकिङ तथा वित्तीय प्रणालीबारे आवश्यक जानकारी पस्कँदै उनीहरूलाई यसतर्फ आकर्षित गर्दै वचतको माध्यमबाट मितव्ययी, नैतिकवान, सक्षम, उद्यमशील बन्न प्रेरित गरी भावी दिनमा उनीहरू स्वयम् र मुलुकको आर्थिक समृद्धिमा समेत टेवा पुग्ने तथ्यमा विश्वस्त हुन सकिन्छ ।

वित्तीय चेतनाको माध्यमबाट आम आम जन समुदायमा बैकिङ बानीको विकासमा थप योगदान पुगी वचत मार्फत पुँजीको सिर्जना, औपचारिक क्षेत्रबाट सापेक्षित रूपमा सस्तो व्याजदरमा कर्जा उपयोग मार्फत उत्पादन, उपभोग, लगानी, रोजगारीमा सकारात्मक प्रभाव पर्ने तथ्य विकसित राष्ट्रहरूको उदाहरणबाट स्पष्ट भइसकेको छ । वित्तीय चेतना आम जनमानसको सरोकार र चासोको विषय हो तापनि यस कार्यक्रमले विशेष गरेर वित्तीय सेवा र पहुँचको अवसरबाट वञ्चित दुर्गम ग्रामीण क्षेत्रमा बसोबास गर्ने सर्वसाधारण र वित्तीय कारोवार र उपकरणबारे

अनभिज्ञ किशोर/किशोरीलाई केन्द्र बिन्दुमा राख्नु प्रमुख कर्तव्य हुन आउँछ ।

सामान्य बैंकिङ प्रक्रिया र नियमहरू नजानेर आफू ठगिएको, अलमलमा परेको तथा बैंक तथा वित्तीय संस्थाहरूले निजहरूलाई अन्योलमा राखेको भन्ने जस्ता गुनासाहरू आम जनताहरूबाट आउने गरेका छन् । वित्तीय ज्ञानको अभिवृद्धिद्वारा यस्ता समस्याहरूको न्यूनीकरण र समाधान गर्न सकिन्छ । वित्तीय चेतनाले बैंकिङ सेवा उपयोग गरी आफ्नो धनको सुरक्षा तथा आर्थिक उन्नति कसरी गर्ने भन्ने विषयका अतिरिक्त बैंक तथा वित्तीय संस्थाको काम, कर्तव्य, अधिकार सहित निक्षेप संकलन, कर्जा प्रवाह, ब्याज लिने दिने प्रक्रिया र समय, कर्जा लिनु पर्दा अपनाइने तरिका, कर्जाको उपयोगबाट हुने फाइदाहरू, कर्जा दुरुपयोग गर्दा हुने नकारात्मक परिणामबारे पनि पर्याप्त जानकारी हासिल गर्न सहयोग पुग्छ ।

नेपाल राष्ट्र बैंकले प्रारम्भदेखि नै ऐनले तोकेका मुख्य जिम्मेवारी निर्वाह गर्नुका अतिरिक्त सभा, सम्मेलन, गोष्ठी, तालिम, सूचनाका साथै एफ.एम. रेडियो जस्ता श्रव्य तथा टेलिचलचित्र एवम् टेलि डकुमेन्ट्री जस्ता दृश्य माध्यमबाट वित्तीय ज्ञान फैलाउने कार्य गर्दै आएको भए तापनि समयको यस बिन्दुमा आएर यस अभियानलाई अझै विस्तार गर्नु पर्ने आवश्यकता महसुस गरी वित्तीय चेतना सम्बन्धी समसामयिक र महत्वपूर्ण विषय समेटी तयार पारिएको प्रस्तुत पुस्तिका प्रकाशन गरी यहाँहरूको हातसम्म पुऱ्याउने अर्को प्रयासको थालनी गरेको छ ।

यति महत्वपूर्ण र अत्यावश्यकीय अभियानलाई नेपाल राष्ट्र बैंकको एकल प्रयासबाट मात्र पूर्ण रूपले उपलब्धिमूलक बनाउन सम्भव नहुने भएकोले मुलुकका बैंक तथा वित्तीय संस्थाहरू, सरकारी तथा गैर सरकारी संस्थाहरू, आम सञ्चारका साधनहरूले यस काममा सक्रियता देखाउन विलम्ब गर्न नहुने अवस्था छ । यो सरोकारवाला सबैले निर्वाह गर्नुपर्ने सामाजिक जिम्मेवारी र कर्तव्यसँग सम्बन्धित महत्वपूर्ण विषय पनि हो । सबैको समन्वय र सहकार्यबाट सम्पादन गरिने यस किसिमको कार्यबाट ठूलो उपलब्धि हासिल हुने तथ्यमा आशावादी बन्न सकिन्छ । विद्यालयस्तरका पाठ्य सामग्रीहरूमा वित्तीय ज्ञान एवम् जानकारी सम्बन्धी विषयवस्तु समावेश गरी औपचारिक शिक्षा मार्फत् वित्तीय

चेतना अभिवृद्धि कार्यक्रमले विद्यार्थी, शिक्षक, अभिभावक एवम् स्थानीयस्तरमा सम्बन्धित सबै लाभान्वित हुने तथ्य स्पष्ट छ । वित्तीय चेतना अभिवृद्धि देशका प्रबुद्ध आम नागरिकले आ-आफ्नो स्थानबाट सकेको योगदान पुऱ्याउनु पर्ने महत्वपूर्ण राष्ट्रिय अभियान मध्येको एक कार्य हो । यही कर्तव्य निर्वाहको महत्वपूर्ण कडीको रूपमा सर्वसाधारणको सुविधा र सहयोगको लागि विशेष गरेर ११ देखि १९ वर्षका किशोर पिँढीलाई लक्षित गरी यो पुस्तिका तयार गरी प्रकाशन गरिएको छ । नेपाल राष्ट्र बैंकले भावी दिनमा क्रमशः सहभागी संस्थाहरूको दक्षता अभिवृद्धि गर्ने, सञ्चार माध्यमहरूबाट चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने लगायतका कार्यहरू पनि अगाडि बढाउँदै जानेछ । नेपालजस्तो वित्तीय चेतना तथा वित्तीय पहुँच न्यून रहेको मुलुकमा नेपाल राष्ट्र बैंकले विद्यार्थीलाई लक्षित गरी सञ्चालनमा ल्याएको 'विद्यालयमा नेपाल राष्ट्र बैंक' नामक वित्तीय चेतना अभिवृद्धि कार्यक्रम र 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' नामक प्रस्तुत पुस्तिकाले यस सम्बन्धमा देखिएको रिक्ततालाई धेरथोर पूर्ति गर्ने विश्वास लिइएको छ । यस किसिमको पुस्तिका प्रकाशनको यो पहिलो प्रयास भएको हुँदा यसमा पुग-अपुग विषयलाई पछिल्ला संस्करणमा समावेश गर्दै लगिने भएको हुँदा सम्बन्धित सबैबाट यस सम्बन्धमा राय/सुझाव, प्रतिक्रिया तथा आलोचनाको अपेक्षा गर्दै पुस्तिकाबाट अधिकाधिक लाभ उठाउन हार्दिक अपिल गरिन्छ ।

२०७० पुस

# विषयसूची


प्राक्कथन
१. वित्तीय साक्षरता : अर्थ र आवश्यकता ........ १
२. वित्तीय साक्षरता : नेपालको सन्दर्भ ........ ४
३. विद्यालयमा नेपाल राष्ट्र बैंक : एक अभियान ........ ६
४. नेपालको वित्तीय प्रणाली : सामान्य जानकारी ........ ९
४.१ नेपालको बैंकिङ इतिहास ........ ९
४.२ नेपाल राष्ट्र बैंक : मुलुकको केन्द्रीय बैंक ........ १०
४.३ नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरू ........ १३
४.४ वचत तथा ऋण सहकारी संस्थाहरू ........ १४
४.५ वित्तीय मध्यस्थकर्ता गैर सरकारी संस्थाहरू ........ १४
४.६ अन्य वित्तीय संस्थाहरू ........ १५
५. बैंक खाता : अर्थ र आवश्यकता ........ १६
५.१ चल्ती खाता ........ १६
५.२ वचत खाता ........ १६
५.३ मुद्दती खाता ........ १७
६. वचत : आर्थिक उन्नतिको आधार ........ १८
६.१ वचतको परिचय ........ १८
६.२ वचत किन गरिन्छ ? ........ १८
६.३ बैंकमा वचत गर्दा हुने फाइदा ........ १८
६.४ वचत कसरी गर्ने ? ........ १९
६.५ वचतलाई कुन कुन कुराले अनुकूल प्रभाव पार्छ ? ........ १९
६.६ वचत कहाँ गर्ने ? ........ १९
६.७ वचत गर्न सकिने संस्थाहरू ........ २०
७. बैंक कर्जा : उद्यमशीलताको पूर्वाधार ........ २२
७.१ बैंक कर्जाको परिचय ........ २२
७.२ बैंक कर्जा किन लिइन्छ ? ........ २३

७.३ बैंक कर्जा लिँदा के के कुरामा ध्यान दिनुपर्छ ? ........ २३

८. बजेट निर्माण : सचेत नागरिकको लक्षण ........ २५

८.१ बजेटको परिचय ........ २५

८.२ बजेट किन बनाउनु पर्छ ? ........ २६

९. सफा नोट : सभ्यताको प्रतीक ........ २७

१०. विप्रेषण : समृद्ध देश निर्माणको आधार ........ ३०

१०.१ विप्रेषणको परिचय ........ ३१

१०.२ विप्रेषण पठाउँदा र उपयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू ........ ३२

११. बीमा : जोखिम न्यूनीकरणको माध्यम ........ ३३

११.१ बीमाको परिचय ........ ३३

११.२ बीमा गर्दा ध्यान दिनु पर्ने कुराहरू ........ ३४

१२. शेयर : पूँजी निर्माणको माध्यम ........ ३६

१२.१ शेयरमा लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरू ........ ३७

१२.२ शेयर निवेदन भर्दा ध्यान दिनुपर्ने कुराहरू ........ ३८

१३. विदेशी विनिमय सम्बन्धी ज्ञान ........ ३९

१४. विद्युतीय बैंकिङ सम्बन्धी ज्ञान ........ ४१

१४.१ ए.टी.एम. कार्ड ........ ४१

१४.२ क्रेडिट कार्ड ........ ४२

१५. म्युचुअल फन्ड : पुँजी सङ्कलनको माध्यम ........ ४४

१६. सम्पत्ति शुद्धीकरण निवारण : वित्तीय अपराध नियन्त्रण ........ ४६

१७. उपसंहार : बिसौनी ........ ४९

# भाग - एक

## वित्तीय साक्षरता : अर्थ र आवश्यकता

पछिल्ला वर्षहरूमा विश्व आर्थिक क्षेत्रमा वित्तीय समावेशीकरण र वित्तीय साक्षरताको विषयले ठूलो चर्चा एवम् महत्त्व पाउन थालेको छ । वित्तीय समावेशीकरणको सामान्य अर्थ सबैका लागि वित्तीय सेवा भन्ने हुन्छ । प्रत्येक नागरिकलाई सुलभ तरिकाले वित्तीय सेवाको पहुँच पुऱ्याउनु नै वित्तीय समावेशीकरणको अवधारणा एवम् उद्देश्य हो ।

वित्तीय समावेशीकरणले क्षेत्र, लिङ्ग, वर्ण, जात आदिका आधारमा कुनै भेदभाव नगरी समान रूपमा वित्तीय संस्थाहरूबाट प्रदान गरिने औपचारिक वित्तीय सेवा पुऱ्याउनु पर्दछ भन्ने दृष्टिकोण राख्दछ । यसै गरी वित्तीय शिक्षाले कुनै पनि व्यक्तिसँग भएको आर्थिक वा वित्तीय स्रोत-साधनको प्रभावकारी एवम् मितव्ययी उपयोग गर्ने ज्ञान समेत प्रदान गर्दछ ।

हरेक व्यक्तिसँग भएको सीमित स्रोत र साधनको कुशल उपयोगबारे जानकारी दिँदै आयमूलक क्षेत्रमा लगानी गर्ने र त्यसबाट आर्थिक उन्नति गर्ने ज्ञान, सीप र कला प्रदान गर्नु वित्तीय साक्षरताको लक्ष्य हो ।

वित्तीय साक्षरतालाई वित्तीय चेतना तथा वित्तीय शिक्षा जस्ता नामले पनि बुझ्न सकिन्छ । वित्तीय साक्षरताले पैसाको महत्त्व बुझ्न र सो अनुसार त्यसको उचित व्यवस्थापन गर्ने शिक्षा प्रदान गर्दछ । पैसाको सदुपयोगबाट आर्थिक तथा सामाजिक सुरक्षा हासिल गर्ने, सीमित साधनको अधिकतम उपयोग गरी असीमित आवश्यकताहरूलाई प्राथमिकताको आधारमा पूरा गर्न व्यवस्थित बजेट बनाउने तरिका सिकाउने तथा सीमित साधनको व्यवस्थित परिचालन र उच्चतम सदुपयोग गर्ने कला, सीप र ज्ञान वित्तीय साक्षरताले प्रदान गर्दछ ।

अर्को शब्दमा मानव जीवनका लागि अति आवश्यक पैसा वा धन सम्पत्ति कानुन बमोजिम मात्र आर्जन गर्ने, पैसा खर्च गर्दा मितव्ययी रूपमा बजेट बनाएर आय बमोजिम खर्च गर्ने, आफ्नो आयको केही अंश भविष्यका लागि वचत गर्ने तथा उद्यम व्यवसाय गर्नका लागि कर्जा लिने र विदेशको कमाइ अर्थात् विप्रेषण (Remittance) को समुचित र उत्पादनमूलक उपयोग गर्ने ज्ञान तथा सीप वित्तीय चेतनाले प्रदान गर्दछ । यसका साथै, उद्यम व्यवसायमा कहिलेकाहीँ आउन सक्ने जोखिम व्यहोर्न र न्यूनीकरण गर्नका लागि बीमा तथा सुरक्षण गर्ने, गैरकानुनी ढङ्गबाट आर्जन गरेको सम्पत्तिले विपत्ती ल्याउँछ भन्ने जस्ता विषयमा आवश्यक न्यूनतम ज्ञान प्रदान गर्ने गर्दछ । वित्तीय चेतनामार्फत् व्यक्ति आफ्नो स्रोत र साधनको उपयोग विषयमा उचित निर्णय गर्न सक्षम हुन्छ । यसबाट निजको र मुलुकको समेत आर्थिक उन्नतिमा सहयोग पुग्दछ ।

विश्वमा अहिले करिव २ अर्ब ५० करोड जनता बैंकिङ तथा वित्तीय सेवाको पहुँचबाहिर रहेको अनुमान गरिएको छ । वित्तीय समावेशीकरणलाई बढावा दिई बढीभन्दा बढी जनतामा बैंकिङ तथा वित्तीय सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले अन्तराष्ट्रिय जगत्मा पनि विभिन्न निकायहरू कार्यरत रहेको तथा यसतर्फको प्रयासमा आफ्नो सार्थक भूमिका निर्वाह गर्नको लागि नेपाल राष्ट्र बैंकले पनि प्रतिबद्धता जनाएको अवस्था छ । त्यसैगरी, विश्वभरका करिव २ अर्ब २० करोड बालबालिकाहरू मध्ये करिव १ अर्ब बाल-बालिकाहरू अहिले पनि निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् भने हालसम्म १ प्रतिशतभन्दा कम बालबालिकाहरू मात्र वित्तीय साक्षरता र वित्तीय समावेशीकरणको दायरामा आएका छन् । विश्वभरमा करिव १३ प्रतिशत युवाहरू बेरोजगार रहेका छन् । यस्तो बेरोजगारीको अंश कतिपय मुलुकमा करिव ५० प्रतिशतसम्म रहेको पाइएको छ । १५ देखि २५ वर्ष उमेर समूहका युवाहरू मध्ये करिव ४० प्रतिशतको मात्र बैंक वित्तीय संस्थाहरूमा खाता रहेको पाइएको छ ।

नेपालको सन्दर्भमा यहाँको जनसंख्याको ठूलो भाग अझै पनि औपचारिक वित्तीय सेवाबाट बञ्चित रहेको देखिन्छ । मुलुकमा एकचौथाइ जति जनसंख्या गरिबीको रेखामुनि रहेको छ र सो जनसंख्यालाई गरिबीबाट मुक्त गराउनु आवश्यक छ । गरिबी तथा बेरोजगारीको यो भयावह स्थिति, वित्तीय सेवाको न्यून पहुँचको अवस्थाबाट मुक्तिको लागि वित्तीय चेतना वा साक्षरता अभियान अपरिहार्य छ । वित्तीय सेवाको माग पक्षमा अर्थपूर्ण सुधार ल्याउन नेपालमा पनि वित्तीय चेतना एवम् साक्षरता कार्यक्रम विस्तार गर्नु अपरिहार्य र महत्त्वपूर्ण हुन आउँदछ ।

त्यसो त वित्तीय चेतना गरिबहरूलाई गरिबीबाट मुक्ति दिलाउन मात्र आवश्यक छ भन्ने बुझिनु हुँदैन । यो शिक्षा समाजका हरेक व्यक्तिलाई आवश्यक छ । उचित वित्तीय शिक्षाले मात्र उद्यम व्यवसायका सम्भावित जोखिमबाट बच्न वा जोखिमलाई न्यूनीकरण गर्न सम्भव हुन्छ ।

वित्तीय साक्षरताको सवालमा राष्ट्रका भोलिका कर्णधार आजका बाल-बालिकालाई अहिलेदेखि नै अर्थ तथा वित्त सम्बन्धी असल संस्कार, बानी व्यहोरा, आचरण सिकाउन थालेमा भोलिका दिनमा उनीहरूबाट परिवार, समाज र राष्ट्रले राम्रो प्रतिफल पाउने कुरामा विश्वस्त हुन सकिन्छ ।

# भाग - दूई

## वित्तीय साक्षरता : नेपालको सन्दर्भ

वित्तीय साक्षरता सम्बन्धी शिक्षा विद्यालय स्तरदेखि नै पाठ्यक्रममा समेटिने गरेको र बालबालिका तथा किशोर किशोरीहरूलाई लक्षित गरेर उनीहरूका लागि वित्त भन्ने एउटा अभियान अन्तरराष्ट्रिय आन्दोलनको रूपमा नै अघि बढेको छ । बालबालिका तथा युवामैत्री वित्तीय सेवाजन्य कार्यक्रमहरू विभिन्न देशका कैयौं बैंक, वित्तीय संस्था तथा युवा तथा बालबालिकाको हकहितसँग सम्बन्धित संघ संस्थाहरू, सञ्चार माध्यमले स्वतः स्फूर्त रूपमा तर्जुमा तथा कार्यान्वयन गर्दै आएका छन् ।

वित्तीय ज्ञानको उपर्युक्त महत्त्व एवम् अपरिहार्यता तथा नेपालमा पनि अधिकांश बालबालिका र युवाहरू औपचारिक वित्तीय सेवाको पहुँचभन्दा बाहिर रहेको सन्दर्भमा तिनलाई वित्तीय पहुँचको दायरामा ल्याउन बालबालिका र युवा लक्षित वित्तीय साक्षरता सम्बन्धी सशक्त अभियानको खाँचो महसुस गरिएको छ । विश्वका सबै बालबालिकाहरू प्राथमिक स्तरको शिक्षा सम्पन्न गरेर विद्यालयबाट निस्कँदासम्ममा बैंक तथा वित्तीय संस्थामा अनिवार्य रूपमा उनीहरूको वचत खाता हुनुपर्ने र त्यो खाता सही ढङ्गले सञ्चालन गर्न सक्ने ज्ञान र सीप समेत हासिल हुनुपर्ने अवधारणा यस अभियानको हो । यस अभियानलाई सार्थक पार्न नेपालमा पनि हालैका वर्षहरूमा वित्तीय साक्षरता सम्बन्धी विविध कर्यक्रमहरू सञ्चालन हुन थालेका छन् । यी कार्यक्रहरूले बालबालिका तथा युवालाई आय तथा वचत अभिवृद्धिका साथै लगानीका सन्दर्भमा उपयुक्त वित्तीय निर्णय गर्न सक्षम बनाउने लक्ष्य राखेका हुन्छन् ।

वित्तीय साक्षरता अभियानको मूल पक्षका रूपमा वित्तीय चेतना, वित्तीय सुरक्षा, वित्तीय समावेशीकरण र वित्तीय सशक्तीकरणलाई लिइएको छ । विश्वभरका बालबालिकाहरूलाई मानव तथा आर्थिक अधिकारको संरक्षण र सम्बर्द्धन गर्न तथा आफ्नो अधिकारको उपयोग गर्दा अरूको अधिकारको पनि आदर गर्ने, युवाहरूको रुचीलाई ध्यान दिई युवामैत्री व्यवसायहरू

सञ्चालन गर्ने, सुरक्षा र नैतिकतालाई आत्मसात् गरेर आय-आर्जन गर्न प्रेरणा प्रदान गर्दै बालबालिका र किशोर किशोरीलाई वित्तीय तथा सामाजिक परियोजनाहरूका सकारात्मक पक्षहरूबारे ज्ञान प्रदान गर्ने, सामाजिक सद्भाव अभिवृद्धिमा सकारात्मक प्रभाव पारी अमूल्य सीपहरूको सिर्जना गर्ने जस्ता लक्ष्य यस अभियानको रहेको छ । त्यस्ता अभियानको बालबालिका तथा युवा वर्गको शारीरिक, बौद्धिक, नैतिक र सामाजिक मूल्यमा सकारात्मक प्रभाव परोस् भन्ने पनि अभियानको लक्ष्य रहेको छ ।

वित्तीय साक्षरता अभियानलाई अघि बढाउने सन्दर्भमा नेपालमा पनि विविध कार्यक्रमहरू तर्जुमा भई सञ्चालन हुन थालेका छन् । विभिन्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रबाट यस सम्बन्धमा पहल हुन थालेका छन् । र, यो सकारात्मक पक्ष हो । यद्यपि नेपालका लागि अहिलेसम्मका प्रयासहरू आवश्यकताको तुलनामा ज्यादै न्यून रहेका छन् । वित्तीय साक्षरताको यस आवश्यकता र महत्त्वलाई दृष्टिगत गरी नेपाल राष्ट्र बैंकले वित्तीय चेतना अभिवृद्धि कार्यक्रमलाई आफ्ना नीति तथा कार्यक्रहरूमा उच्च प्राथमिकता दिँदै आएको छ । बैंकको रणनीतिक योजना २०१२-१६ मा मुलुकका महिला, द्वन्द्वपीडित, अल्प सङ्ख्यक जाति, विपन्न वर्ग, सीमान्तीकृत समुदायलाई लक्षित गरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिएको छ । यसै गरी आर्थिक वर्ष २०६८/६९ सालदेखिका मौद्रिक नीतिहरूमा वित्तीय चेतना कार्यक्रमलाई महत्त्वका साथ सञ्चालन गर्ने उल्लेख गरिएको छ । उक्त मौद्रिक नीतिमा "*वित्तीय साक्षरता न्यून रहेको कारणबाट वित्तीय सेवा प्रभावकारी हुन नसकेको तथ्यलाई दृष्टिगत गरी यस सम्बन्धमा आवश्यक रणनीति तयार गर्ने*" उल्लेख भएको र सोही अनुसार कार्य अघि बढिरहेको छ । यस पछिका मौद्रिक नीतिहरूमा समेत वित्तीय पहुँच अभिवृद्धि र वित्तीय चेतना प्रवर्द्धनले नेपाल राष्ट्र बैंकका नीतिहरूमा उच्च प्राथमिकता पाउँदै आएका छन् ।

# भाग-तीन

## विद्यालयमा नेपाल राष्ट्र बैंक : एक अभियान

नेपाल राष्ट्र बैंकले वित्तीय पहुँच तथा वित्तीय साक्षरता अभिवृद्धिलाई अत्यन्त महत्त्व दिएको छ । यसैको एउटा कडीको रूपमा "विद्यार्थीसँग नेपाल राष्ट्र बैंक" नामक कार्यक्रम घोषणा गरी कार्यक्रम सञ्चालन गरिएको हो । गभर्नर डा. युवराज खतिवडाले २०६९ चैत ८ गते एक कार्यक्रम मार्फत यो अभियान घोषणा गर्नुभएको हो ।




वित्तीय साक्षरताका लागि विगतमा प्रशिक्षक तालिम (Trainers Training) सञ्चालन, तालिम पुस्तिका प्रकाशन तथा वितरण, वित्तीय साक्षरता राष्ट्रिय रणनीति मस्यौदाको तयारी, वित्तीय साक्षरता सम्बन्धी रेडियो, टेलिभिजन लगायतका सञ्चार माध्यममार्फत् प्रचार प्रसार, बाल बालिका तथा युवा साक्षरता महोत्सव एवम् मुद्रा सप्ताहमा सक्रिय सहभगिता, जन चेतनामूलक सामग्रीको निर्माण तथा वितरण, युवा, बालबालिका र नीति निर्माताहरूबीचमा अन्तरक्रिया कार्यक्रहरूको आयोजना तथा बालबालिका र युवाहरूको जनचेतनामूलक ऱ्यालीको आयोजना नेपाल राष्ट्र बैंकको पहलमा भएका उल्लेखनीय कार्यहरू हुन् । यसै बीच बाल-युवा वित्त अभियानमा नेपाल राष्ट्र बैंकको प्रतिबद्धताको रूपमा "विद्यालयमा नेपाल राष्ट्र बैंक" कार्यक्रमको अवधारणा आएको हो । यस अनुसार आगामी दिनमा नेपाल राष्ट्र बैंकले वित्तीय साक्षरताका विविध पक्षका बारेमा विद्यालयमा

विद्यार्थीहरूलाई सुसूचित गराउने कार्यक्रम रहेको छ ।

नेपालमा वित्तीय साक्षरता आज सबै स्तरका मानिसहरूलाई अत्यन्त आवश्यक देखिएको छ । उच्च शिक्षा हासिल गरेका ठूला ओहदाका मानिसमा समेत कतिपय वित्तीय कारोवारको पूर्ण ज्ञान नभएको स्थिति छ । उपयुक्त वित्तीय शिक्षाको अभावमा उचित निर्णय लिन नसक्दा गम्भीर आर्थिक दुर्घटना हुन गई ठूलो वित्तीय क्षति समेत व्यहोर्नु पर्ने र समाजमा नकारात्मक असर पर्ने अवस्था पनि देखिएको छ । यद्यपि मानिसहरूको उमेर समूह, शैक्षिक योग्यता, आर्थिक अवस्था आदिका कारण विभिन्न वर्गका मानिसहरूका लागि फरक फरक वित्तीय शिक्षा आवश्यक हुने अवस्था पनि रहन्छ ।

यति भएर पनि प्राथमिक रूपमा सबैभन्दा संवेदनशील एवम् लक्षित वर्ग भनेको विद्यार्थी वर्ग नै हो । वचत, कर्जा, बजेट, लगानी, बीमा, कर्जाको सदुपयोग, नोटको संरक्षण आदिका बारेमा सानैदेखि अध्ययन अध्यापन गराई उनीहरूमा असल आर्थिक संस्कार भर्न सकिएमा उनीहरू समयमै आर्थिक रूपमा सचेत नागरिक बन्न प्रेरित हुन्छन् । उचित वित्तीय शिक्षाको अभावमा बालबालिकाहरू बढी खर्चिला हुने, वचत गर्न सचेत नहुने र भविष्यप्रति चिन्ता नगर्ने स्वभावका हुन पनि सक्छन् । कालान्तरमा उनीहरू आर्थिक अनुशासनमा कमजोर, भ्रष्ट आचरणयुक्त तथा आर्थिक प्रलोभनमा पर्ने स्वभावका नहोलान् भन्न सकिन्न । आर्थिक रूपमा कमजोर संस्कारयुक्त नागरिकले अन्ततोगत्वा आफ्ना बाबु आमा तथा परिवारको मात्र नभई राष्ट्रकै अर्थतन्त्रलाई धराशायी बनाउन सक्ने सम्भावनालाई पनि नकार्न सकिँदैन । उपयुक्त वित्तीय शिक्षाले नै उनीहरूलाई आर्थिक रूपमा जिम्मेवार, नीतिवान्, कर्तव्यपरायण र इमानदार बन्न प्रेरित गर्दछ । आर्थिक ज्ञान र असल संस्कार दिई असल नागरिक तयार गर्ने उद्देश्यले यो कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो ।

विद्यार्थीका लागि वित्तीय चेतना प्रदान गरिएमा जीवनका प्रारम्भिक दिनहरूबाटै वचत गर्न अभिप्रेरित भई उनीहरूमा पैसाको सदुपयोग गर्ने बानी बस्ने हुनाले भविष्यमा अपेक्षित ढङ्गबाट आर्थिक एवं सामाजिक काम गर्न सक्ने अवस्था रहन्छ । बालबालिकाको कलिलो मन-मस्तिष्कमा वित्तीय जागरणको सूचनामूलक शिक्षाले राष्ट्रकै भविष्यमा दूरगामी सकारात्मक प्रभाव पर्दछ । एक अनुसन्धान अनुसार बालबालिकामा १३ वर्षको उमेरसम्ममा आर्जन भएको संस्कारले उसको जीवनमा ८० प्रतिशत भूमिका

खेल्दछ । बाँकी २० प्रतिशत मात्र पछि परिवर्तन हुने गर्दछ । यसैले बालबालिकाको कलिलो मस्तिष्कमा भरिएको असल संस्कारले नै उनीहरूको आगामी जीवनको गोरेटो, सक्रियता, उद्यमशीलता र समृद्धिलाई समेत निर्धारण गर्दछ ।

पहिलो नमूना परियोजनाका रूपमा सञ्चालन हुने यस "विद्यालयमा नेपाल राष्ट्र बैंक" कार्यक्रम अन्तर्गत वित्तीय शिक्षामूलक सन्देश लिएर कुनै न कुनै रूपमा नेपाल राष्ट्र बैंकका पदाधिकारीहरू विद्यालयमा पुग्नेछन् । विद्यार्थीहरूलाई बचत, कर्जा, लगानी, असूली, बीमा तथा सुरक्षा, विप्रेषण, बजेटिङ, कर्जा चुक्ता नगर्दा हुन सक्ने कारवाही, कालोसूची र कालोसूचीमा पर्दा हुन सक्ने नोक्सानी, मुलुकमा वित्तीय सेवाको पहुँच तथा वित्तीय समावेशीकरण सम्बन्धी सवाल, वित्तीय समावेशीकरणको मुद्दालाई सम्बोधन गरिनुपर्ने नीतिगत व्यवस्थाहरू, मुद्राको व्यवस्थापन, सफा नोट नीति, नोटलाई जतन गर्नुपर्ने आवश्यकता, बैंक खाताका प्रकार तथा खाता खोल्न आवश्यक कागजात र प्रक्रिया, "आफ्नो ग्राहकलाई चिन्नुहोस् (Know Your Customer : KYC) सम्बन्धी व्यवस्था, औपचारिक र अनौपचारिक क्षेत्रबाट प्रदान हुने सेवा सुविधामा भिन्नता आदि सवालहरू सम्बन्धी ज्ञान प्रदान गर्ने तथा यस सम्बन्धमा विद्यार्थी तथा युवा वर्गका जिज्ञासा र धारणाहरूलाई सम्बोधन गर्ने छन् ।

# भाग-चार

## नेपालको वित्तीय प्रणाली : सामान्य जानकारी

### ४.१ नेपालको बैंकिङ इतिहास

नेपालको औपचारिक बैंकिङ इतिहासले ७६ वर्षको अनुभव बटुलेको छ । नेपालमा स्थापना भएको पहिलो बैंक नेपाल बैंक लिमिटेड हो । यो विक्रम संवत् १९९४ साल कात्तिक ३० गते स्थापना भएको हो । यो बैंक सरकारको मुख्य लगानीमा निजी क्षेत्र समेतको सहभागितामा स्थापना भएको थियो ।

२०१३ सालमा केन्द्रीय बैंकका रूपमा नेपाल राष्ट्र बैंकको स्थापना भयो । यस बैंक मार्फत नेपाली मुद्रा चलनचल्तीमा ल्याउने तथा नेपालमा बैंकिङ प्रथाको विकास गर्ने महत्त्वपूर्ण प्रयास हुँदै गए । यसै क्रममा वि.सं. २०१६ सालमा नेपाल औद्योगिक विकास निगम, २०२२ सालमा राष्ट्रिय वाणिज्य बैंक, २०२४ सालमा कृषि विकास बैंकको स्थापना हुँदै २०४१ सालमा पहिलो पटक विदेशी बैंकको संयुक्त लगानीमा तत्कालीन नेपाल अरब बैंक लिमिटेड (हालको नविल बैंक लि.) स्थापना भएपछि नेपालमा बैकिङ विकासको गतिले नयाँ मोड लियो ।

हाल नेपालको वित्तीय प्रणालीमा केन्द्रीय बैंक, वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, लघु वित्त विकास बैंक, सीमित बैंकिङ कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त सहकारी संस्था र लघुवित्तको कारोबार गर्ने गैर सरकारी संस्था रहेका छन् ।

हाल नेपालको बैंकिङ क्षेत्रमा विद्यमान बैंक तथा वित्तीय संस्थाहरूलाई 'क', 'ख', 'ग' र 'घ' गरी ४ वर्गमा विभाजन गरिएको छ । २०७० साल पौष मसान्तसम्ममा 'क' वर्गका वाणिज्य बैंकहरू ३१ वटा, 'ख' वर्गका विकास बैंकहरू ८७ वटा, 'ग' वर्गका वित्त कम्पनीहरू ५९ वटा र 'घ' वर्गका लघुवित्त विकास बैंकहरूको संख्या ३५ वटा पुगेका छन् । यसका साथै सीमित बैंकिङ कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त सहकारी संस्था १५ वटा र लघुवित्तको कारोबार गर्ने गैर सरकारी संस्थाको संख्या ३१ वटा रहेका छन् ।

यस बीचमा नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका नयाँ संस्थाहरू स्थापनाको लागि आवेदन लिने कार्य स्थगित गरेको छ भने पहाडी र

दुर्गम भेगसम्म वित्तीय सेवाको पहुँच अपेक्षाकृत रूपमा कम रहेको यथार्थलाई दृष्टिगत गरी सो क्षेत्रमा वित्तीय सेवा विस्तार गर्ने लक्ष्यका साथ 'घ' वर्गका नयाँ लघुवित्त संस्थाहरू स्थापना गर्नका लागि इजाजत दिने व्यवस्था यथावत् राखेको छ । यस अवधिसम्ममा 'क', 'ख', 'ग' र 'घ' गरी बैंक तथा वित्तीय संस्थाका शाखाहरूको संख्या कुल ३११६ पुगेका छन् । प्रति शाखा सेवाग्राहीको सङ्ख्या करिब ९ हजार रहेको छ । बैंकको उपस्थिति न्यूनतम रूपमा प्रत्येक जिल्लामा पुगेको छ भने लघुवित्तको सेवा मुलुकका ६८ जिल्लामा विस्तार भइसकेको छ ।

मुलुकको अर्थतन्त्रले धान्न सक्ने क्षमताभन्दा बढी संख्यामा यस्ता वित्तीय संस्थाको संख्या भएको महसुस गरी नेपाल राष्ट्र बैंकले विगत केही वर्षदेखि एक आपसमा गाभ्ने-गाभिने सम्बन्धी नीति अवलम्बन गरेको छ । परिणाम स्वरूप, बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभिने क्रम बढ्दै गएको छ ।

## ४.२ नेपाल राष्ट्र बैंक : मुलुकको केन्द्रीय बैंक

नेपाल राष्ट्र बैंक तत्कालीन राष्ट्र बैंक ऐन, २०१२ अनुसार २०१३ साल वैशाख १४ गते स्थापना भएको हो । नेपाल राष्ट्र बैंक मुलुकको केन्द्रीय बैंक भएकाले यसले मूलतः मुलुकको मौद्रिक प्रणालीलाई सञ्चालन र नियमन गर्दछ । यसैले केन्द्रीय बैंकलाई मौद्रिक अधिकारी र नियामक संस्था पनि भन्ने गरिएको छ । नेपाल राष्ट्र बैंकले नेपाली मुद्राको व्यवस्थापन गर्ने, मौद्रिक नीतिको सञ्चालन गर्ने, सरकारको बैंक तथा बैंकहरूको बैंकका रूपमा भूमिका निर्वाह गर्ने गर्दछ । हरेक मुलुकमा एउटा मात्र केन्द्रीय बैंक रहन्छ । यसको अर्थ कुनै पनि मुलुकको मौद्रिक प्रणाली एकै खालको हुने गर्दछ । नेपाल राष्ट्र बैंक नेपालको वित्तीय प्रणालीको नियमक तथा सुपरिवेक्षकीय निकाय हो । नेपाल राष्ट्र बैंक स्थापना हुनुभन्दा अघि २००२ सालमा सदर मुलुकी खानाबाट नेपाली नोट निष्काशन गरिएको थियो ।

राष्ट्र बैक ऐन, २०१२ अनुसार नेपाल राष्ट्र बैंकका उद्देश्यहरू नेपाली नोट निष्कासनको व्यवस्था गरी अधिराज्यभर नेपाली मुद्रा चलनचल्तीमा ल्याउन सुव्यवस्था मिलाउनु, नेपाली मुद्राको विनियम दरमा स्थिरता कायम राख्नु, विकासको निमित्त पूँजीलाई गतिशील बनाई राज्यको उद्योगधन्दालाई समेत प्रोत्साहन दिनु र नेपालमा बैंक प्रथाको विकास

गराउनु रहेका थिए ।

दूरदृष्टि - आधुनिक, गतिशील, विश्वसनीय एवम् केन्द्रीय बैंक

लक्ष्य - सबल तथा प्रभावकारी मौद्रिक विदेशी विनिमय एवम् वित्तीय क्षेत्र नीतिहरूका माध्यमबाट समग्र आर्थिक स्थिरता कायम राख्ने ।

समयको परिवर्तनसँगै यस बैंकका उद्देश्यहरूमा पुनरावलोकन गर्नु पर्ने आवश्यकता महसुस गरियो । यसै कुरालाई दृष्टिगत गरी नयाँ नेपाल राष्ट्र बैंक ऐन, २०५८ कार्यान्वयनमा ल्याइयो र अहिले नेपाल राष्ट्र बैंकका काम कारवाहीहरू यसै ऐनबाट निर्दिष्ट हुने गरेका छन् । यस ऐनमा वित्तीय क्षेत्र स्थायित्व सहित समग्रमा आर्थिक स्थायित्व कायम गर्ने उद्देश्यलाई प्राथमिकतामा राखिएको छ । अहिले नेपाल राष्ट्र बैंकका उद्देश्यहरू मूल्य स्थायित्व कायम गर्नका लागि मौद्रिक नीति निर्माण र कार्यान्वयन, शोधनान्तर स्थायित्वका लागि विदेशी विनिमय नीति निर्माण र कार्यान्वयन, वित्तीय क्षेत्र स्थायित्वका लागि वित्तीय क्षेत्रको नियमन, निरीक्षण, सुपरिवेक्षण, वित्तीय क्षेत्रमा आवश्यक तरलताको प्रवर्द्धन, सुरक्षित एवम् व्यवस्थित भुक्तानी प्रणाली प्रवर्द्धन गर्ने रहेका छन् ।

**नेपाल राष्ट्र बैङ्कका उद्देश्यहरू**

- अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने,
- बैङ्किङ्ग तथा वित्तीय क्षेत्रको स्थायित्व र आवश्यक तरलतालाई प्रवर्द्धन गर्ने,
- सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने,
- बैङ्किङ्ग तथा वित्तीय प्रणालीको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने, र
- नेपाल अधिराज्यको समग्र बैङ्किङ्ग तथा वित्तीय प्रणालीको सम्बर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने ।

*स्रोतः नेपाल राष्ट्र बैंक ऐन, २०५८, दफा ४*

यी उद्देश्य हासिल गर्न बैंकलाई सोही ऐनले नेपाली नोट तथा सिक्का निष्कासन र व्यवस्थापन गर्ने, मौद्रिक नीति तर्जुमा र कार्यान्वयन गर्ने, विदेशी विनिमय नीति निर्माण गर्ने र विदेशी विनिमय सञ्चिति व्यवस्थापन र सञ्चालन गर्ने, बैंक तथा वित्तीय संस्थालाई इजाजतपत्र दिनुका साथै तिनलाई नियमन - सुपरिवेक्षण गर्ने, सरकारको बैंकका रूपमा कार्य गर्ने, बैंक तथा वित्तीय संस्थालाई आवश्यक पर्दा कर्जा प्रदान गर्ने, भुक्तानी प्रणाली र हिसाब मिलान पद्धतिलाई नियमन तथा व्यवस्थित गर्ने लगायतका कार्यभार प्रदान गरेको छ ।

**नेपाल राष्ट्र बैंकका काम, कर्तव्य र अधिकारहरू**

- बैङ्क नोट तथा सिक्का निष्काशन र व्यवस्थापन गर्ने,
- मौद्रिक नीति तर्जुमा गर्ने र सो नीति कार्यान्वयन गर्ने, गराउने,
- विदेशी विनिमय नीति निर्माण गर्ने र सो नीति कार्यान्वयन गर्ने, गराउने,
- विनिमय दर पद्धति निर्धारण गर्ने,
- विदेशी विनिमय संचितिको व्यवस्थापन र सञ्चालन गर्ने,
- बैङ्क तथा वित्तीय संस्थालाई वित्तीय कारोबार गर्न अनुमति दिने र त्यस्तो कारोबार कानुन बमोजिम भए वा नभएको सम्बन्धमा नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,
- नेपाल सरकारको बैङ्कर, सल्लाहकार तथा वित्तीय एजेन्टको रूपमा कार्य गर्ने,
- वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको बैङ्क तथा अन्तिम ऋणदाताको रूपमा कार्य गर्ने,
- भुक्तानी, फछ्र्यौट (क्लियरिङ्ग) तथा हिसाब मिलान (सेटलमेन्ट) पद्धतिको स्थापना तथा प्रवर्द्धन गरी सो कार्यलाई नियमित गर्ने, र
- बैङ्कका निर्धारित उद्देश्य हासिल गर्नको निमित्त बैङ्कले गर्नुपर्ने अन्य आवश्यक कार्यहरू कार्यान्वयन गर्ने, गराउने ।

*स्रोतः नेपाल राष्ट्र बैंक ऐन, २०५८, दफा ५*

## ४.३ नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरू

बैंक भनेको मूलतः पैसाको कारोवार गर्ने संस्था हो । बैंकलाई वित्तीय मध्यस्थकर्ता भनेर पनि चिनिन्छ । बैंकले वचतकर्ताहरूबाट निक्षेप स्वीकार गर्दछ भने सो निक्षेप उद्यम गर्न चाहने तर पैसाको अभाव हुने व्यक्ति वा संस्थालाई कर्जाको रूपमा प्रदान गर्दछ । अर्थतन्त्रमा एउटा समूह वा वर्गबाट दायित्वको रूपमा वचत सङ्कलन गरी सो दायित्वलाई पुनः उत्पादनशील प्रयोजनका लागि सम्पत्तिको रूपमा कर्जा प्रवाह गर्ने हुँदा बैंक तथा वित्तीय संस्थाहरूलाई वित्तीय मध्यस्थकर्ता पनि भन्ने गरिन्छ । बैंक तथा वित्तीय संस्थाहरू राज्यको कानुन बमोजिम स्थापना र सञ्चालन भएका हुन्छन् ।

नेपालमा अहिले 'क' 'ख', 'ग' र 'घ' गरी चार वर्गका बैंक तथा वित्तीय संस्थाहरू रहेका छन् । 'क' वर्गका संस्थालाई वाणिज्य बैंक, 'ख' वर्गका संस्थालाई विकास बैंक, 'ग' वर्गका संस्थालाई वित्त कम्पनी र 'घ' वर्गका संस्थालाई लघु वित्त विकास बैंक भन्ने गरिएको छ । 'ख', 'ग' र 'घ' वर्गका संस्थालाई एकमुष्ट रूपमा वित्तीय संस्था पनि भन्ने गरिएको छ । यी चारै प्रकारका संस्थालाई एकै साथ भन्नुपर्दा बैंक तथा वित्तीय संस्था भनिन्छ । यसैलाई बैंकिङ प्रणाली पनि भन्ने गरिएको छ । सर्वसाधारणसँग रहेको रकमलाई वचतको रूपमा सङ्कलन गरी त्यस्तो वचतलाई लगानीको लागि रकम आवश्यक पर्ने व्यक्ति वा संस्थालाई ऋणको रूपमा रकम उपलब्ध गराउने संस्थाहरू नै बैंक तथा वित्तीय संस्थाहरू हुन् ।

बैंक/वित्तीय संस्थाहरूले निक्षेपका रूपमा वचत स्वीकार गर्ने र कर्जा अर्थात् ऋण प्रदान गर्ने कार्यका अतिरिक्त एक ठाउँको रकम अर्को ठाउमा पठाउने विप्रेषण कारोवार, विदेशी मुद्रा सटही गरिदिने, प्रतीतपत्र (L.C) कारोवार गर्ने र अन्तराष्ट्रिय लेनदेनलाई सजिलो बनाउने, ड्राफ्ट तथा टि.टी. मार्फत् पैसा पठाइदिने, सरकारी कारोवार गर्ने, नोटकोष सञ्चालन गर्ने, सरकारी ऋणपत्रहरूको कारोवार गर्ने, सुनचाँदी कर्जा, ओभर ड्राफ्ट सुविधा, बैंक ग्यारेन्टी जस्ता विभिन्न वित्तीय कारोवारहरू समेत गर्ने गर्दछन् ।

बैंक/वित्तीय संस्थाले गर्ने कारोवार नियम वा कानुन सम्मत ढङ्गले भए नभएको बारे निरन्तर अनुगमन गर्नु आवश्यक हुन्छ । कानुन बमोजिम

बैंक तथा वित्तीय संस्था सञ्चालन नभएमा वा कुनै अप्ठ्यारोमा पर्न गएमा सर्वसाधारणको निक्षेप (पैसा) जोखिममा पर्न सक्छ । त्यस्तो अवस्था नआवस् भनेर बैंक तथा वित्तीय संस्थाहरूको कारोवार हेर्ने अर्थात् नियमन र सुपरिवेक्षण गर्ने जिम्मेवारी नेपाल राष्ट्र बैंकलाई प्रदान गरिएको छ ।

## ४.४ वचत तथा ऋण सहकारी संस्थाहरू

ग्रामीण तहसम्म वित्तीय सेवाको पहुँच स्थापित होस् भन्ने अभिप्रायले नेपालमा सहकारी संस्थाहरूको स्थापना द्रुत गतिमा भइरहेको छ । बचत तथा ऋण सहकारी संस्था र बहुउद्देश्यीय सहकारी संस्था स्थापनाका लागि नेपाल सरकार सहकारी विभागले स्वीकृति प्रदान गर्दछ । हाल नेपालभर करिब १२,००० जति वचत तथा ऋण सहकारी संस्थाहरू र करिव ४,५०० को हाराहारीमा रहेका बहुउद्देश्यीय सहकारी संस्थाहरू समेत जम्मा १६,५०० भन्दा बढी सहकारी संस्थाहरू नेपालको वित्तीय बजारमा कार्यरत छन् । यस्ता सहकारी संस्थाहरू सहकारी ऐन २०४८ बमोजिम स्थापना भएका हुन् र तिनले नेपालको वित्तीय क्षेत्रमा वित्तीय पहुँच अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । यी सहकारी संस्थाहरूले गाउँगाउँ र टोल टोलसम्म सर्वसाधारण जनतालाई वित्तीय सेवा प्रदान गर्नुका अतिरिक्त सदस्यहरूलाई बैंकिङ बानी पनि सिकाइरहेका छन् । सर्वसाधारण जनताको आर्थिक तथा सामाजिक विकासको लागि पारस्पारिक सहयोग र सहकारिताका आधारमा सदस्यता वितरण गरी सदस्यहरूका बीचमा मात्र वचत तथा ऋण कारोवार गर्ने उद्देश्यले वचत तथा ऋण सहकारी संस्थाहरू स्थापना भएका हुन्छन् । यस्ता सहकारी संस्थाको नियामक तथा सुपरिवेक्षकीय निकायको रूपमा हाल नेपाल सरकारको सहकारी विभागले काम कारवाही गर्दै आएको छ । आगामी दिनमा सम्पूर्ण सहकारी संस्थाहरूको कारोवारलाई प्रभावकारी ढङ्गले नियमन तथा सुपरिवेक्षण गर्नुपर्ने आवश्यकतालाई दृष्टिगत गरी दोस्रो सुपरिवेक्षकीय संस्था (Second Tire Institution) स्थापना गरी सो कार्यलाई व्यवस्थित गर्ने योजना समेत रहेको छ ।

## ४.५ वित्तीय मध्यस्थकर्ता गैर सरकारी संस्थाहरू

ग्रामीण तथा तल्लो तहका जनसमुदायसम्म पुगेर शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका जनचेतना सम्बन्धी कार्य गर्ने केही गैर सरकारी

संस्थाहरूलाई समेत नेपाल राष्ट्र बैंकले सीमित बैंकिङ कारोवार गर्ने अनुमति प्रदान गरेको छ । सीमित बैंकिङ कारोवार गर्न अनुमति प्राप्त यस्ता गैरसरकारी संस्थाहरूको अहिलेको ३१ संख्या रहेको छ । यी संस्थाहरू संस्था दर्ता ऐन, २०३४ अनुसार स्थापना र सञ्चालन भएका हुन् । यी संस्थाको वित्तीय कारोवारको नियमन तथा सुपरिवेक्षण समेत नेपाल राष्ट्र बैंकबाट हुँदै आएको छ ।

यसप्रकारका गैर सरकारी संस्थाहरूलाई निश्चित समय सीमाभित्र आवश्यक पूर्वाधारहरू पूरा गरी 'घ' वर्गको लघु वित्त संस्थामा स्तरोन्नति गर्ने नीति नेपाल राष्ट्र बैंकले अङ्गीकार गरेको छ ।

## ४.६ अन्य वित्तीय संस्थाहरू

माथि उल्लेख गरिएका बैंक तथा वित्तीय संस्थाका अतिरिक्त नेपालको वित्तीय बजारमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, २५ वटा निर्जीवन तथा जीवन बीमा कम्पनीहरू, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, निक्षेप तथा कर्जा सुरक्षण निगम लि., कर्जा सूचना केन्द्र लि., हुलाक वचत बैंक र केही कमोडिटिज स्टक एक्स्चेन्जले समेत वित्तीय कारोवार गरिरहेका छन् । यसमध्ये नागरिक लगानी कोष, निक्षेप तथा कर्जा सुरक्षण निगम लि. र कर्मचारी सञ्चय कोषको नियामक निकाय नेपाल सरकार, अर्थ मन्त्रालय हो भने बीमा कम्पनीहरूको नियामक निकाय बीमा समिति हो । त्यसैगरी, नेपाल स्टक एक्स्चेन्ज लि. र कमोडिटिज एक्सचेञ्ज कम्पनीहरूको नियामक निकायको रूपमा नेपाल धितोपत्र बोर्ड रहेको छ ।

# भाग - पाँच

## बैंक खाता : अर्थ र आवश्यकता

सर्वसाधारण व्यक्ति वा संस्थाको रकम जम्मा गर्न बैंक तथा वित्तीय संस्थाले सम्बन्धित व्यक्ति वा संस्थाको नाममा खाता खोलिदिने र उनीहरूको नाममा रकम राख्न र झिक्न पाइने गरी दर्ता गरिदिने विवरण नै बैंक खाता हो । यो एक प्रकारको कारोवार विवरण हो । बैंकले सर्वसाधारणसँग निक्षेप (पैसा) लिँदा सम्बन्धित व्यक्तिको नाममा खाता खोल्दछ र सो खातामा रकम जम्मा गर्न र झिक्नका लागि सुविधा प्रदान गर्दछ । बैंक खाता खोलेपछि वचतकर्ता वा ग्राहकले रुपैयाँ जम्मा गर्ने भौचर, पास बुक र चेक बुक पाउँछन् । खातामा पैसा जम्मा गर्दा भौचर भरेर गरिन्छ । पास बुकमा ग्राहकले कारोवार गरेको विवरण बैंकले भरिदिन्छ भने पछिल्ला दिनहरूमा कम्प्युटरबाट कारोबार गर्ने यस्ता बैंक वित्तीय संस्थाहरूले पासबुकको सट्टा आवश्यकता अनुसार बैंक स्टेटमेण्ट उपलव्ध गराउँदै आएका छन् । यसबाट आफ्नो कारोबार, खातामा रहेको पैसा, सो वापत आर्जित व्याज, र व्याज आर्जन वापत तिरेको कर रकमका बारेमा जानकारी मिल्दछ । चेक बुकबाट चेक खिचेर ग्राहकले आफ्नो खातामा जम्मा भएको मध्येबाट आफूलाई आवश्यक परे जति रकम झिक्न सक्दछ ।

**बैंक खाताका प्रकार :** खाता विभिन्न प्रकारका हुन्छन् । यी मध्ये चलनचल्तीमा रहेका खाताहरू चल्ती खाता, वचत खाता र मुद्दती खाता प्रमुख हुन् । बैंक तथा वित्तीय संस्थामा मूलत: देहाय बमोजिमका खाताहरू सञ्चालन गरिएका हुन्छन् :

### ५.१ चल्ती खाता

आफूले चाहेको समयमा चाहेको जति रकम एकै दिनमा जतिसुकै पटक पनि राख्न तथा झिक्न सकिने खातालाई चल्ती खाता भनिन्छ । यस खातामा राखेको पैसामा सामान्यत: ब्याज प्राप्त हुँदैन । उद्योगी, व्यापारी र कार्यालयहरूका लागि यो खाता बढी उपयोगी हुन्छ ।

### ५.२ वचत खाता

वचत खातामा रकम जति पटक पनि जम्मा गर्न सकिन्छ तर एउटा

निश्चित सीमाभित्र रहेर मात्र रकम झिक्न सकिन्छ । यसका लागि बैंकले सीमा तोकेको हुन सक्छ । यस खाताको रकममा बैंकले निश्चित ब्याज प्रदान गर्दछ । सामान्यतया साना रकम जम्मा गर्दै जाने र आवश्यक परेको समयमा रकम निकालिरहनु पर्ने व्यक्तिका लागि यो खाता उपयोगी हुन्छ । सर्वसाधारण व्यक्तिहरूमाझ यस्तो खाता सर्वाधिक प्रचलनमा छ र लोकप्रिय समेत रहेको छ । पछिल्ला दिनहरूमा वचत खाताबाट झिक्न सकिने रकमको उच्चतम् सीमा पनि बैंकहरूले क्रमिक रूपमा बढाउँदै लगेको पाइन्छ । विद्यार्थी, युवा, गृहणी, गृहस्थी, बुढाबुढीहरू सबैका लागि यो खाता उपयोगी हुन्छ ।

## ५.३ मुद्दती खाता

मुद्दती खातामा ३ महिना, ६ महिना, १ वर्ष, २ वर्ष र ५ वर्षसम्मको एउटा निश्चित समय अवधि तोकेर रकम जम्मा गरिन्छ । तर, सामान्यतया तोकेको समयभन्दा पहिले नै रकम निकाल्न नमिल्ने हुँदा बीचमा रकम आवश्यक पर्ने सम्भावना नभएको अवस्थामा मात्र यस्तो खातामा रकम जम्मा गर्नु उपयुक्त हुन्छ । यस खातामा राखेको पैसाको व्याजदर पनि वचत खाताको भन्दा केही बढी नै हुन्छ । बीचमा रकम आवश्यक परेमा यस्तो खातामा जम्मा गरेको रकमको प्रमाणपत्र धितो राखी बैंकहरूबाट कर्जा निकाल्न त मिल्छ तर अन्य खातामा जस्तो तुरुन्तै रकम झिक्न नमिल्ने हुँदा रकम झिक्न केही समय लाग्ने हुन्छ । यसप्रकार ऋण लिँदा आफूले मुद्दती निक्षेपमा पाउने ब्याज दरभन्दा केही प्रतिशत बढी ब्याज बैंकलाई तिर्नु पर्ने हुन्छ ।

बैंकमा खाता खोल्नको लागि सामान्यतया नागरिकताको प्रमाणपत्र, फोटो, पूर्ण रूपले भरेको आवेदन फारम, आवश्यक न्यूनतम रकम, दस्तखत नमूना जस्ता विवरण आवश्यक पर्दछ । नाबालकको हकमा संरक्षकको हैसियतले अभिभावकको नागरिकता, फोटो, आवेदन फारममा दस्तखत आवश्यक पर्छ । यसका साथै खाता खोल्दा ग्राहकको पहिचान पूर्ण रूपमा झल्किने गरी पारिवारिक विवरण, बाबु बाजेको नाम जस्ता विवरण दिनु पर्ने व्यवस्था गरिएको छ । यसको उद्देश्य सो ग्राहकका बारेमा बैंकलाई पूर्ण रूपमा जानकारी हुन सकोस् भन्ने हो ।

# भाग - ५

# वचत : आर्थिक उन्नतिको आधार

## ६.१ वचतको परिचय



भविष्यको उपयोगका लागि वर्तमानको आम्दानीको केही अंश छुट्याएर राखिएको पैसा अर्थात् खर्च नगरी बचाएर राखिएको पैसालाई वचत भनिन्छ । हातमा पैसा रहेमा खर्च हुन सक्ने सम्भावना रहन्छ । यसबाट बच्न बैंक तथा वित्तीय संस्थामा खाता खोलेर राख्ने गरिन्छ । यस्तो पैसालाई वचत भनिन्छ । हुन त वचत घरमा पनि गर्न सकिन्छ । तर पनि, वचत भन्नाले बैंक तथा वित्तीय संस्थामा जम्मा गरिएको रकम भन्ने बुझिन्छ । यो एक किसिमको सम्पत्ति जोड्ने वा जम्मा गर्ने तरिका हो ।

## ६.२ वचत किन गरिन्छ ?

वचत मूलत: व्यक्तिगत आर्थिक व्यवहारका लागि गरिन्छ । मानिसको जीविका चलाउने क्रममा विभिन्न आर्थिक व्यवहार गर्नु पर्ने हुन्छ । जस्तै पुँजी निर्माण, सम्पत्ति खरिद, लगानी, दैनिक व्यवहारका खर्च, आपतकालीन खर्च, पुरानो कर्जा भुक्तानी आदिका लागि वचत गरिन्छ ।

यसका साथै सामाजिक व्यवहारका लागि पनि वचत गरिन्छ । जस्तै विवाह, ब्रतवन्ध, मृत्यु संस्कार, शिक्षा दीक्षा, तीर्थाटन/भ्रमण, स्वास्थ उपचार आदि कार्यका लागि वचत गर्ने गरिन्छ ।

## ६.३ बैंकमा वचत गर्दा हुने फाइदा

तपाईं हाम्रो खल्तीमा भएको पैसा खल्तीमै रहन्छ । यदि यो पैसा बैंकमा गयो भने पेसा वा व्यवसाय गर्न आवश्यक पर्ने व्यक्तिले सो पैसा कर्जाका रूपमा लैजान्छ र उसले उत्पादनशील क्षेत्रमा लगानी गर्दछ । यसले उसको आर्थिक उन्नति पनि हुन्छ र वचतकर्तालाई व्याज पनि प्राप्त हुने हुँदा दोहोरो फाइदा हुन्छ ।

यसका साथै आर्थिक विकासका लागि लगानी गर्नु पर्दछ । लगानीका

लागि ठूलो पूँजीको आवश्यकता पर्दछ । तपाइँ हाम्रो स-सानो वचतले पनि बैंकमा ठूलो पूँजी जुट्न जान्छ र लगानीयोग्य पूँजी निर्माण हुन्छ । यसैले तपाइँ हाम्रो वचत भनेको पूँजी निर्माणको आधार हो र सो पुँजीको लगानी मार्फत् देश विकासमा योगदान गर्नु पनि हो ।

## ६.४ वचत कसरी गर्ने

- आम्दानी भन्दा खर्च कम गरेर,
- अनावश्यक खालका खर्चमा कटौती गरेर,
- दैनिक/साप्ताहिक/मासिक/वार्षिक रूपमा केही न केही बचाएर ।

## ६.५ वचतलाई कुन कुन कुराले अनुकूल प्रभाव पार्छ ?

- सुरक्षित र नजिकको बैंक वा वित्तीय संस्था,
- राम्रो योजना वा आकर्षक व्याजदर,
- वचतप्रतिको सकारात्मक धारणा,
- वचतप्रतिको अनुशासन,
- वचतका लागि परिवारले गर्ने अनुकूल सहयोग,
- अनावश्यक खर्च गर्ने बानीमा नियन्त्रण,
- सुपथ बजार मूल्य,
- वचत गर्ने इच्छा वा चाहना,
- मितव्ययी व्यवहार र कारोवार,
- खर्च कटौती गर्ने चाहना,
- थप आम्दानीका स्रोत वा आम्दानीमा वृद्धि ।

## ६.६ वचत कहाँ गर्ने ?

- औपचारिक बैंक वित्तीय संस्थामा वचत : केन्द्रीय बैंकबाट वित्तीय कारोबार गर्ने इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूमा वचत खाता खोली वचत गरेर ।
- अर्ध-औपचारिक वित्तीय संस्थामा वचत : सहकारी, आमा समूह, वन समूह, उपभोक्ता समूह आदिमा सदस्य भई नियमित वचत गरेर ।
- अनौपचारिक निकायमा वचत : साहु महाजन, ढुकुटी, साथीभाइ, इष्टमित्र, घरमै बाकस वा दराजमा राख्ने, सुन चाँदी, गरगहना

आदिमा लगानी गरेर । यस्तो वचत फिर्ता हुने कानूनी आधार नहुने हुँदा बढी जोखिमयुक्त मानिन्छ ।

- खुत्रुके वचत : सानो काठको, फलामको वा माटोको भाँडोमा घरमै सानो सानो रकम जम्मा गरेर ।

## ६.७ वचत गर्न सकिने संस्थाहरू

### क) बैंक तथा वित्तीय संस्थामा वचत गरे के हुन्छ ?

- कानुनतः इजाजतपत्र प्राप्त निकाय भएको तथा नियमित रूपमा नियमन र सुपरिवेक्षण हुने हुँदा बढी सुरक्षित हुन्छ ।
- समयमा निश्चित ब्याज पाइन्छ ।
- पानी, बत्ती, टेलिफोन आदि महसुल तिर्ने सुविधाहरू पाउन सकिन्छ ।
- वचतको सुरक्षण हुँदा रकम डुब्ने डर कम हुन्छ ।
- तुलनात्मक रूपमा बढी विश्वासिलो हुन्छ ।
- ठूलो संस्था भएकाले लेखापरीक्षण हुने, हरेक वर्ष वार्षिक साधारण सभा गर्दा लगानीकर्तालाई जवाफ दिनु पर्ने, सञ्चार माध्यमले आलोचना गर्न सक्ने, अधिकारप्राप्त संस्थाहरूबाट नियमित निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन हुने भएकाले कानूनी रूपले नै वचत सुरक्षित हुन्छ ।

### ख) अर्ध-औपचारिक निकायमा वचत गरे के हुन्छ ?

- औपचारिक संस्था नभएकाले कम सुरक्षित हुन्छ ।
- निरीक्षण नहुने हुँदा समूहभित्रकै मान्छे आपसमा मिलेर दुरुपयोग हुन सक्छ ।
- पहुँच सजिलो भए पनि समूहको सदस्यले मात्र कारोवार गर्ने सुविधा पाउँछ ।
- ठूलो रकम ऋण लिनु परेमा पैसाको अभाव हुने गर्दछ ।
- वचतमा ब्याज कम मात्र दिने र ऋणमा चर्को ब्याजदर लिने प्रचलनले नोक्सानी पर्न सक्छ ।
- निकाय/संस्था घाटामा गएको देखाएर ब्याज/प्रतिफल दुबै डुब्ने

सम्भावना रहन्छ वा नदिन पनि सकिन्छ ।

- लेखा र लेखा परीक्षण व्यवस्था प्रभावकारी नहुँदा कारोवार र हिसाबकिताब पारदर्शी नहुन सक्छ ।

## ग) अनौपचारिक निकायमा वचत गरे के हुन्छ ?

- ऋण लिन सजिलो भए तापनि ब्याजदर उच्च हुन्छ ।
- कानूनी प्रमाणका अभावमा निक्षेपको रूपमा जम्मा गरेको वा सापटी दिएको रकम डुब्ने सम्भावना पनि रहन्छ ।
- घरमै वचत गर्दा चोरी, डकैती, आगलागी, फजुल खर्च आदि हुन सक्छ ।
- इष्टमित्र साथीभाइबीच झै झगडाको कारण बन्न सक्छ ।
- ढुकुटी सञ्चालकहरू भाग्न सक्ने हुँदा सम्पूर्ण रकम डुब्न सक्छ र ढुकुटी खेल्ने र खेलाउने दुबैलाई कानूनी कारवाही हुने हुँदा सञ्चालक भागेमा कानूनी कारवाही गर्न समेत अप्ठेरो पर्ने हुन्छ ।
- साहु महाजनले सोझा सादा निरक्षर व्यक्तिलाई मनपरी सर्तहरू राखेर तमसुक गराई अन्ततः ऋण लिने व्यक्तिको घरवार नै हडप्ने र ऋणग्रस्तताको जालोमा फस्ने सम्भावना प्रबल हुने गर्दछ ।
- अन्य व्यक्तिलाई रकम प्रयोग गर्न दिँदा उसले बेइमानी गरेमा पैसा डुब्न सक्ने र आफूलाई चाहिएको बखत रकम उपलब्ध गराउन नसकिने हुन सक्छ ।
- सुन चाँदी, घर जग्गा आदिमा लगानी गरी राख्दा अचानक भाउ घट्न गएमा घाटा हुने, चाहेको समयमा बिक्री नभएमा आफ्नो आवश्यकता टार्न कठिन हुन्छ ।

विद्यार्थीहरूलाई वचत गर्ने बानी सिकाउनमा शिक्षकहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । यसका लागि घरमा वचत गर्न सकिने खुत्रुके वचत, नजिकको सहकारीमा गरिने वचत, बैंक तथा वित्तीय संस्थामा गर्न सकिने वचत तथा अन्य सम्भावित वचतको माध्यमबारे विद्यार्थीलाई जानकारी गराउनु आवश्यक देखिन्छ । साथै, अभिभावक वर्गले समेत आफ्ना नानीहरूलाई वचत गर्न प्रेरित गर्नु त्यत्तिकै जरुरी छ ।

# भाग - सात

## बैंक कर्जा : उद्यमशीलताको पूर्वाधार

### ७.१ बैंक कर्जाको परिचय

कुनै पनि उद्यम व्यवसाय गर्नका लागि वित्तीय श्रोतको व्यवस्था गर्नु पर्ने हुन्छ । गाई-भैंसी पाल्न, रिक्सा किन्न, सानो ठूलो व्यापार गर्न, उद्योगधन्दा स्थापना गर्ने लगायतका कुनै पनि आय आर्जन गर्नका लागि सर्वप्रथम पैसा चाहिन्छ । पैसा आफूसँग नहुन पनि सक्दछ । यस्तो पैसा परम्परागत रूपमा साहु महाजनहरूले उपलब्ध गराउने गर्दथे र तिनले ऋणीसँग चर्को व्याज असुल उपर गर्दथे । यस मार्फत् कतिपय साहुहरूले अन्याय पूर्वक ऋणको अङ्क बढाउने र नाजायज रूपमा शोषण समेत गर्दथे भन्ने सुनिन्छ । तर आधुनिक र विकसित समाजमा यस्तो पैसा ऋणका रूपमा बैंक तथा वित्तीय संस्थाहरूले उपलब्ध गराउँछन् ।

यी संस्थाहरू कानुन बमोजिम स्थापना र सञ्चालन हुने हुँदा कानुन बमोजिम मात्र व्याज असुल गर्दछन् । नाजायज फाइदा लिन खोजेमा सुपरिवेक्षण गर्ने संस्थाले सुपरिवेक्षण गर्दछ र कानुनी दायरामा मात्र सीमित हुन निर्देशन दिन्छ । यदि नमानेमा बैंक तथा वित्तीय संस्थाले कारवाहीको भागी बन्नु पर्दछ ।

- निश्चित अवधिपछि व्याजसहित (वा साँवा मात्र) फिर्ता गर्ने शर्तमा अन्य व्यक्ति वा निकायसँग लिइएको रकम नै कर्जा वा ऋण हो ।
- आफ्नो रकम प्रयोग गर्दा विस्तारै वचत गर्दै गए अनुसार जम्मा भइसकेपछि मात्र लगानी गर्न सकिन्छ भने ऋणबाट लगानी गर्दा एकैपटक तुरुन्तै रकम प्राप्त गर्न र लगानी गर्न सकिन्छ ।
- आफ्नो रकम कुनै दायित्व विना नै प्रयोग गर्न सकिन्छ भने ऋणले दायित्व सिर्जना गर्ने र त्यसको लागत व्यहोर्नु पर्ने हुन्छ ।
- ऋणलाई सामान्यतया कर्जा पनि भन्ने गरिन्छ । कर्जा सामान्यतया चालु पूँजी कर्जा, सम्पत्ति खरिद कर्जा, उपभोग कर्जा, लगानी कर्जा विभिन्न प्रकारका हुने गर्दछन् ।

## ७.२ बैंक कर्जा किन लिइन्छ ?

- उद्योग व्यवसायमा लगानी गर्न,
- अनपेक्षित आपत विपतमा खर्च गर्न,
- घरायसी टिकाउका सामानहरू (जस्तै साइकल, मोटरसाइकल, मोटर, टि.भी., फ्रिज, आदि) खरिद गर्न,
- छोराछोरी पढाउन,
- स्वास्थ्य उपचार गर्न,
- विभिन्न सामाजिक कार्यमा खर्च गर्न, आदि ।

## ७.३ बैंक कर्जा लिँदा के के कुरामा ध्यान दिनुपर्छ ?

- तिर्न सक्ने क्षमताभन्दा बढीको कर्जा वा ऋण लिनु हुँदैन ।
- भविष्यमा ऋण चुक्ता गर्न नसकेमा व्यक्तिगत जमानीका आधारमा सो चुक्ता गर्नु एकाघर परिवारको समेत दायित्वभित्र पर्न सक्ने हुँदा ऋण लिनुपूर्व परिवारका सदस्यहरूसँग समेत सरसल्लाह गर्नु पर्छ ।
- नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त औपचारिक संस्थाहरूबाट मात्र ऋण लिने गरेमा अनावश्यक ठगी हुनबाट र चर्को ब्याजदरबाट बच्न सकिन्छ ।
- ऋण लिनुपूर्व तुलनात्मक रूपमा महँगो ब्याजदर नलगाउने, अन्यायपूर्ण शर्तहरू नराख्ने, सजिलै कम मार्जिनमा धितो राख्न सकिने, ब्याजका अतिरिक्त अन्य थप शुल्कहरू कम मात्र लिने, ऋण प्रक्रिया छिटो एवम् सरल भएका र किस्ता बुझाउन ढिलो भएमा चर्को जरिवाना तिर्नु पर्ने या नपर्ने जस्ता विषयहरू सोधपुछ गरेर वा जानकारी लिएर मात्र बैंक तथा वित्तीय संस्थाको छनौट गरी सो संस्थाबाट ऋण लिनु उपयुक्त हुन्छ ।
- ऋणको साँवा र ब्याजको किस्ता कहिले-कहिले र कति-कति रकम तिर्नुपर्ने हो सोबारे प्रष्ट जानकारी लिनु पर्छ ।
- तपाईंको स्थायी आम्दानीको एउटा निश्चित अंशले ऋणको साँवा

व्याज तिर्न पुग्ने हुनु पर्छ ।

- मुख्यतः उपभोगका लागि ऋण लिने बानीलाई घटाउँदै जानु पर्दछ । अर्थात् पछि आम्दानी दिने काममा लगानी गर्नका लागि मात्र ऋण लिनु उपयुक्त हुन्छ ।
- ऋण लिएर लगानी गरेको परियोजनाबाट तुरुन्त आम्दानी हुँदैन भने त्यस्तो आम्दानी नहुञ्जेल ऋणको साँवा व्याज कसरी भुक्तानी गर्ने हो सोको योजना पनि बनाउनु पर्छ ।
- जुन कामका लागि ऋण लिएको हो सोही काममा लगानी गरी आय आर्जन गर्नु पर्दछ । यदि त्यस्तो काममा लगानी गरिएन भने कर्जा दुरुपयोग भएको मानिनुका साथै पछि कर्जा भुक्तानी गर्न सकिन्न ।
- समयमा ऋण तिर्न नसकेमा हर्जाना तिर्नु पर्ने, धितो लिलामी हुन सक्ने, कानूनी कारवाहीको सामना गर्नुपर्ने हुन सक्छ ।
- सामूहिक जमानीमा ऋण लिएको भए समूहका अन्य सदस्यले समेत ऋण लिन नपाउने हुँदा दबाव व्यहोर्नु पर्ने हुन्छ ।
- बैंकबाट लिएको ऋणको साँवा व्याज समयमा बुझाउन नसक्दा अनन्तः कर्जा सूचना केन्द्रको कालो सूचीमा समेत पर्न जाने र ऋण लिने व्यक्तिको सामाजिक प्रतिष्ठामा समेत आँच आउन सक्ने हुँदा समयमै कर्जाको किस्ता बुझाउनेतर्फ सधैं सजग रहनु पर्छ ।

# भाग - आठ

## बजेट निर्माण : सचेत नागरिकको लक्षण

| ८.१ | बजेटको परिचय |
|---|---|
| | एउटा सचेत व्यक्तिले आफ्नो आम्दानी र खर्चबीच सामञ्जस्य कायम गर्दछ । आम्दानीभन्दा खर्च बढी भयो भने हामी विभिन्न किसिमका झमेलामा पर्दछौं । ऋणग्रस्त बन्न सक्छौं । हाम्रो पूँजी निर्माण कमजोर हुन जान्छ । तसर्थ आम्दानी अनुसार मात्र खर्च गर्ने गरी बजेट बनाउनु हरेक व्यक्तिका लागि त्यत्तिकै अत्यावश्यक हुन्छ जति सरकारले राष्ट्रका लागि र संस्थाले संस्था सञ्चालनका लागि बजेट बनाउँदा हुन्छ । |
| | आफ्नो आम्दानीबाट के प्रयोजनका लागि के कति खर्च गर्ने भन्ने योजना नै सामान्य अर्थमा बजेट हो । बजेट निर्माण गर्दा मुख्यतः आम्दानीलाई दृष्टिगत गरी खर्चका शीर्षकहरूमा प्राथमिकताका आधारहरू निर्धारण गरेर रकम छुट्याउने गरिन्छ । यसर्थ, बजेट भनेको कुनै निश्चित अवधिको अनुमानित आम्दानी र त्यसलाई खर्च कसरी गर्ने भनी देखाउने विवरण हो । |
| | कुनै व्यक्ति, निकाय, संघ-सस्था वा समग्र देशले बजेट बनाउने गर्दछन् । सामान्यतया व्यक्तिले आम्दानीको लेखाजोखा गरेर बजेट बनाउँछ भने सरकारले खर्चको लेखाजोखा गरेर सो अनुसार आम्दानीका स्रोत खोजी रकम जुटाउने गरी बजेट निर्माण गर्दछ । |

जस्तै : कुनै व्यक्तिको मासिक आम्दानी रु. १५,०००।- छ र उसको बसोबास सहरमा छ भने उसले मोटामोटी यसप्रकारको बजेट निर्माण गर्नु पर्दछ :

| आम्दानी | खर्च मासिक | |
|---|---|---|
| मासिक रु. १५,०००।- | घरभाडा | रु. ५,०००।- |
| | खाना | रु. ५,०००।- |
| | यातायात | रु. ५००।- |
| | शिक्षा | रु. १,५००।- |
| | अन्य खर्च | रु. १,५००।- |
| | **वचत** | **रु. १,५००।-** |

## ८.२ बजेट किन बनाउनु पर्छ ?

- आफ्नो निश्चित आम्दानीलाई विभिन्न प्रकारका खर्चहरूमा प्राथमिकताका आधारमा बाँडफाँड गर्न,
- आम्दानीको अनुमानका आधारमा पूर्व योजना अनुसार नै खर्च र वचत गर्ने निर्णयमा मद्दत पुऱ्याउँन,
- खर्च गर्दा व्यक्ति परिवारलाई सचेत र अनुशासित बनाउँन,
- धन सम्पत्ति एवम् आम्दनीको प्रभावकारी व्यवस्थापन गर्न,
- आफ्नो वित्तीय अवस्थालाई नियन्त्रणमा राख्न, र
- भविष्यको योजना बनाई वित्तीय लक्ष्य पूरा गर्न ।

यसर्थ एउटा शिक्षित, वित्तीय चेतना भएको परिवार एवम् समाजप्रति जिम्मेवार व्यक्ति वा परिवारले आफ्नो आम्दानी र खर्चबारे लेखाजोखा गरेर कम्तीमा एक निश्चित अवधिको लागि बजेट तयार गरी आर्थिक व्यवहार गर्नु बुद्धिमानी ठहर्छ ।

# भाग - नौ

## सफा नोट : सभ्यताको प्रतीक

लेनदेन तथा आर्थिक कारोवारका लागि हामीलाई नोट आवश्यकता पर्दछ । अहिले विश्वमा प्रायः कागजी नोट प्रचलनमा रहेका छन् । यी नोटको व्यवस्था राज्यले गर्दछ । सोको जिम्मेवारी कानूनले नै केन्द्रीय बैंकलाई प्रदान गरेको हुन्छ । त्यसैले विश्वका प्रायजसो सबै राष्ट्रले मुद्रा निष्कासन र व्यवस्थापन गर्ने जिम्मेवारी केन्द्रीय बैंकलाई प्रदान गरेका हुन्छन् । नेपालमा पनि यो जिम्मेवारी केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकले बहन गर्दै आएको छ ।



एउटा सभ्य नागरिकको कर्तव्य राज्यले व्यवस्था गरेको नोट तथा सिक्काहरूको सुरक्षा गर्नु, त्यसलाई जतन एवम् सुझबुझपूर्ण ढङ्गले प्रयोग गर्नु र नोटलाई सफा राख्न प्रयास गर्नु पनि हो । यस्तो बानी गरेमा यसबाट व्यक्ति तथा राज्य दुवै लाभान्वित हुन्छन् । नयाँ नोट प्रयोग गर्न पाउँदा तपाइँ हाम्रो मन प्रशन्न रहन्छ । हामीले नयाँ नोट प्रयोग गर्न पाउँदा प्रशन्न भए जस्तै अरूलाई पैसा भुक्तानीको क्रममा नयाँ नोट दिँदा उनीहरू पनि प्रशन्न हुन्छन् । यसबाट नोटको आयु बढ्दछ । यसले नोट छाप्ने, वितरण गर्ने तथा मैला झुत्रा नोट पुनः जम्मा गरी त्यसलाई धुल्याउने कार्यमा भएको खर्च न्यूनीकरण हुन गई राज्यको साधन वचत हुन जान्छ र राज्यलाई फाइदा पुग्दछ ।

अहिलेको युग सूचना प्रविधिको युग हो । वित्तीय कारोवारमा पनि प्रविधि मार्फत् भुक्तानीका नयाँ-नयाँ पद्धतिहरू विकास भइरहेका छन् । चेकबाट भुक्तानी गर्ने तथा विद्युतीय प्रणालीबाट भुक्तानी (e-payment)

गर्ने गरेमा पैसाको प्रयोग कम हुन गई नोटको प्रचलन कम हुन पुग्दछ । यसबाट पैसा हराउने, लुटिने जस्ता भवितव्यमा नपरिने हुँदा भुक्तानीका नवीन प्रविधिको प्रयोग गर्नु उपयुक्त हुन्छ । नगदभन्दा बैंक चेक वा पैसा बाहेकका अन्य उपकरणको प्रयोगलाई प्रोत्साहन गर्ने, भुत्रा नोटहरूको प्रतिस्थापन गर्ने र जाली नोटहरूको प्रयोग नगर्न सचेत रहनुपर्ने बारेमा प्रत्येक नागरिक सुसूचित हुनु आवश्यक छ ।

मुलुकभर सफा नोट मात्र चलनचल्तीमा ल्याउनुका साथै नोट व्यवस्थापन खर्च न्यूनीकरण गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीति मार्फत सफा नोट नीति ल्याएको हो । सर्वसाधारण जनतामा गुणस्तरीय र सफा नोट चलनचल्तीमा ल्याउने, च्यातिएको, फोहोर नोटहरू चलनचल्तीबाट हटाउँदै जानु सफा नोट नीतिको प्रमुख उद्देश्य रहेको छ ।

यदाकदा अज्ञानतावश बैंक तथा सर्वसाधारण जनताले नेपाली नोटमा जथाभावी लेख्ने, स्टिच लगाउने जस्ता कार्य गरिरहेको देखिन्छ । यसो गर्दा नेपाली नोटको आयु घट्न गई अनावश्यक रूपमा नोट छपाइ र व्यवस्थापन खर्चमा वृद्धि हुन जाने हुन्छ । तसर्थ, नेपाली नोटप्रतिको संवेदनशीलता प्रति जनतालाई जागरुक बनाउन, नोटको आकर्षण कायम राख्न पनि सफा नोट नीति आवश्यक हुन गएको छ ।

नेपाली नोट कागजबाट बनेको नोट हो । यसलाई जतनसाथ प्रयोग गरेमा यसको आयु बढ्दछ । सम्पूर्ण नेपाली नोटहरू विदेशमा छाप्ने गरिन्छ । छापिएको नोट नेपालमा ल्याउन, नेपालका गाउँ-ठाउँसम्म पुऱ्याउन, पुरानो नोट विभिन्न ठाउँहरूबाट नेपाल राष्ट्र बैंकमा फिर्ता ल्याउने कार्यमा राज्यले ठूलो खर्च बेहोर्नु परिरहेको छ । यति मात्र होइन, नोटमा नेपाली राष्ट्रिय प्रकृति, संस्कृति, सभ्यता, अङ्कित हुन्छन् । यसर्थ हामीले नोटलाई आफ्नै सम्पत्ति र राष्ट्रको गौरव ठानेर जतनसाथ प्रयोग गरेमा हाम्रो मन प्रसन्न रहने, नेपाल र नेपालीको सभ्यता उच्च राख्न मद्दत

पुग्न जानुका साथै राज्यको खर्च पनि न्यूनीकरण हुन गई सो स्रोत साधन अन्य काममा खर्च गर्न पाइने हुन्छ । यसका साथै, नोट जतिजति पुरानो भयो त्यसले हाम्रै स्वास्थ्यमा नकारात्मक असर पार्न सक्ने हुँदा सो सम्भावना पनि न्यूनीकरण हुन पुग्दछ ।

मुलुकमा आर्थिक कारोवारमा भएको वृद्धिसँगै अटोमेटेड टेलर मेसिन (ए.टि.एम.) को प्रयोगमा उल्लेखनीय वृद्धि भएको छ । त्यस्ता मेशिनमा पुराना, थोत्रा नोट राख्दा सो मेशिनको कार्यक्षमतामा ह्रास आउने, चाँडै बिग्रने र भनेको बेलामा पैसा ननिस्कने सम्भावना हुन्छ ।

अझ महत्त्वपूर्ण पक्ष कुनै पनि विदेशी नागरिक नेपाल आइपुग्ना साथ उसले गर्ने पहिलो काम भनेको विदेशी मुद्रा दिएर नेपाली मुद्रा सटही गर्नु हो । विदेशी मुद्राको सट्टामा झुत्रो, पुराना नोटहरू मात्र सटही गरिदिनाले विदेशीको मनमस्तिष्कमा पहिलो प्रभाव नै नकारात्मक पऱ्यो भने त्यसबाट अन्य क्षेत्रमा पनि सोही किसिमको नकारात्मक प्रभाव पर्दछ । तसर्थ, मुलुकको पहिचान दिने, सभ्यताको स्तर इङ्गित गर्ने माध्यम भनेको नेपाली मुद्रा पनि हो । त्यसैले, विश्वसामु नेपाली मुद्रा सफा र राम्रो देखिनु उत्तिकै आवश्यक रहन्छ ।

नोटलाई पट्याउने, कच्याककुचुक पार्ने, पोको पारेर धान मकैको भकारीभित्र राख्ने, माटोमा गाड्ने, नोटमा जथाभावी लेख्ने वा केरमेट गर्ने, आगोले पोल्ने, च्यात्ने, भिजाउने गर्दा नोटको आयु घट्ने मात्र होइन यसबाट माथि भनिएझैँ राष्ट्रको अमूल्य सम्पतिको दुरुपयोग हुने, जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने भएकोले नोटको जतन र सुरक्षण गर्नु पर्ने कर्तव्य प्रत्येक नागरिकको हुन्छ । साथै, स-सानो भुक्तानीको लागि कागजी नोटभन्दा सम्भव भएसम्म सिक्काको प्रयोग गर्ने बानी बसालेमा दीर्घकालमा राज्यलाई नोट तथा सिक्का व्यवस्थापन लागत कम पर्ने तथा उपभोक्ता नठगिने अवस्था समेत रहन्छ ।

# भाग - दस

## विप्रेषण : समृद्ध देश निर्माणको आधार

सामान्य अर्थमा एक ठाउँबाट अर्को ठाउँमा पैसा पठाउने कार्यलाई विप्रेषण भनिन्छ । आजभोलि विप्रेषण शब्दले विदेशको कमाइबाट प्राप्त रकम भन्ने बुझ्न थालिएको छ । नेपालबाट झण्डै तीस लाख सर्वसाधारण जनताहरू आय आर्जन गर्ने उद्देश्यले मुलुकबाट बाहिर विभिन्न देशमा गएका छन् । तिनीहरूले वर्षेनी खर्बौं रुपैयाँ नेपाल पठाइरहेका छन् । नेपालमा प्राप्त हुने विप्रेषण कुल गार्हस्थ्य उत्पादनको २३ प्रतिशत पुगेको छ । करिब ५६ प्रतिशत जनताको घरमा विप्रेषण प्राप्त हुन्छ । कुल वैदेशिक रोजगारीमा जाने नेपाली मध्ये ११ प्रतिशत अंश महिलाको रहेको छ । यसबाट देशलाई विदेशी मुद्रा प्राप्त भएको छ । घरायसी खर्चका लागि चाहिने आम्दानीको भरोसा बन्न पुगेको छ । बैंक तथा रेमिट्यान्स कम्पनीहरूबाट प्राप्त यस्तो आम्दानीले व्यवसाय विस्तारमा लगानीको अवसर जुटेको छ । विदेश पठाउने बैदेशिक रोजगार व्यवसाय सञ्चालन भएका छन् । यस्ता क्रियाकलापको विस्तारबाट सरकारको आयमा समेत बढोत्तरी भएको छ ।



यति भएर पनि विप्रेषणबाट प्राप्त रकमको उत्पादनशील उपयोग हुन नसकेकोमा अर्थविद् तथा नीति-निर्माताहरू चिन्तित छन् । वैदेशिक रोजगारमा जाने अधिकांश कामदारहरू ग्रामीण, अर्धशिक्षित तथा अशिक्षित, सीप र दक्षताका हिसाबले कम सीपयुक्त रहेका छन् । आफ्नो अमूल्य कमाइलाई आफ्नो दिगो आय विस्तारका साथै राष्ट्रिय विकासमा यसरी लगाउन सकिन्छ भन्ने कुराको चेतना कामदारलाई प्रदान गर्न सकिएमा यसको उचित उपयोगको सम्भावना बढ्छ । एउटा अध्ययन अनुसार नेपालमा आएको विप्रेषणको ७८.९ प्रतिशत उपभोगमा, ७.१ प्रतिशत साहुको ऋण तिर्न, ४.५ प्रतिशत बालबच्चाको

शिक्षामा, ४.५ प्रतिशत घरजग्गा लगायत सम्पत्ति खरिदमा, २.४ प्रतिशत पूँजी निर्माणमा, २.६ प्रतिशत स्वास्थ्य लगायतका क्षेत्रमा खर्च हुने गरेको देखिएको छ । यस्तो अवस्थामा विप्रेषण केवल नेपालीको दैनिक गुजारा चलाउने माध्यम मात्र बनेको देखिन्छ ।

## १०.१ विप्रेषणको परिचय

- बैंक, वित्तीय संस्था वा अनुमति प्राप्त मनी ट्रान्सफर एजेन्सीहरू मार्फत एक स्थानबाट अर्को स्थानमा रकम ट्रान्सफर गरेर पठाउने कार्य रकमान्तर हो । यो स्वदेश र विदेश दुवैतर्फ गर्न सकिन्छ ।
- यस्तो रकम औपचारिक बैंक वित्तीय संस्था मार्फत पठाएमा त्यसलाई बैंक ट्रान्सफर भनिन्छ ।
- कुनै एक देशका नागरिक अर्को देशमा गई आर्जन गरेको रकम बैंक, वित्तीय संस्था वा अनुमति प्राप्त मनी ट्रान्सफर एजेन्सीहरू मार्फत् स्वदेशमा पठाउने कार्य नै रेमिट्यान्स हो । यसलाई नेपालीमा विप्रेषण भनिन्छ ।
- रेमिट्यान्स पठाउँदा केही सेवा शुल्क तिर्नु पर्ने भए पनि बैंक, वित्तीय संस्था वा अनुमति प्राप्त मनी ट्रान्सफर एजेन्सीहरू (रेमिट्यान्स कम्पनी) बाट रकमान्तर गर्ने तरिका नै सबैभन्दा बढी सुरक्षित, भरपर्दो र औपचारिक तरिका हो ।
- विदेशमा आर्जन गरेको रकम औपचारिक माध्यमबाट नपठाई कुनै निजी व्यापारी, एजेन्ट, व्यक्ति वा दर्ता नभएका एजेन्सी मार्फत स्वदेशमा पठाउने वा स्वदेशबाट विदेशमा पठाउने कार्यलाई हुण्डी भनिन्छ । नेपालमा हुन्डी मार्फत् रकमान्तर गर्नु वा विप्रेषण गर्नु गैर-कानुनी कार्य हो ।
- औपचारिक माध्यमहरूभन्दा कम सेवा शुल्क र बढी सटही दर प्राप्त हुने गरे पनि हुण्डी कारोवार कतै पनि दर्ता भएको नहुने हुँदा यस माध्यमबाट पैसा पठाउँदा पठाएको पैसा डुब्न सक्ने, सम्पत्तिको स्रोत नखुल्ने, दावी गर्नको लागि कुनै लिखित प्रमाण नरहने र गैर-कानूनी कारोवार भएकोले हुण्डीको कारोवारमा संलग्न दुबै पक्ष सम्पत्ति शुद्धीकरण सम्बन्धी कारवाहीको भागिदार हुन सक्दछन् ।
- यसप्रकार औपचारिक माध्यम मार्फत् प्राप्त हुने रेमिट्यान्सले

मुलुकको अर्थतन्त्रलाई टेवा दिई देश विकासमा मद्दत पुग्न जान्छ भने हुण्डी मार्फत् गरिने कारोवारको कतै औपचारिक रेकर्ड नरहने र अधिकांश रकम विदेशमै विभिन्न अनौपचारिक वा गैरकानुनी प्रयोजनमा प्रयोग हुन सक्ने हुँदा मुलुकको अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्न सक्दछ । यसले नेपालको कमाइ विदेशतिर पलायन हुन सक्दछ । गैरकानुनी क्रियाकलापले प्रोत्साहन पाउन सक्दछ । तसर्थ हुण्डीबाट पैसा पठाउने कार्यलाई दुरुत्साहित गर्नु हरेक नागरिकको कर्तव्य हुन आउँछ ।

- विदेशबाट प्राप्त विप्रेषणलाई घर, जग्गा, गरगहना, गाडी लगायतका अनुत्पादक क्षेत्रमा प्रयोग गर्ने प्रचलनलाई न्यूनीकरण गरी त्यस्तो रकमलाई उद्योग, व्यावसाय लगायतका रोजगारी सिर्जना हुने उत्पादनशील क्षेत्रमा लगानी गर्न सकेमा दीर्घ कालमा यसबाट समाज र राष्ट्र दुवै लाभान्वित हुन सक्दछन् । यसका लागि वैदेशिक रोजगारीमा जाने कामदारलाई बैंक तथा रेमिट्यान्स कम्पनी मार्फत रकम पठाउन प्रशिक्षण दिनु पनि उपयुक्त हुन्छ ।
- रेमिट्यान्सबाट प्राप्त रकमलाई सकेसम्म कृषि, उद्योग, व्यापार-व्यवसाय जस्ता थप आम्दानी दिने उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्छ । यदि यी काम गर्न अनुकूल नभएमा बैंक, वित्तीय संस्थामा खाता खोलेर राखेमा आफूलाई व्याज आम्दानी भई फाइदा हुन्छ भने सोको उत्पादनमूलक क्षेत्रमा लगानी हुन गई उत्पादन, आय तथा रोजगारी अभिवृद्धि भई राष्ट्र निर्माणमा सहयोग समेत पुग्दछ ।

## १०.२ विप्रेषण पठाउँदा र उपयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू

- विप्रेषण औपचारिक बैंक तथा रेमिट्यान्स कम्पनीहरूबाट पठाउने ।
- विप्रेषण गर्दा शुल्कवापत लिइने पैसाका बारे सोधपुछ गर्ने ।
- विप्रेषण पठाएपछि सोको उपयोग उत्पादनशील क्षेत्रमा गर्ने ।
- यदि उपभोगमा खर्च गरेमा सो कमाइ उपभोग भइसकेपछि पुनः आम्दानी प्राप्त नहुने हुँदा आम्दानी हुने गरी मात्रै खर्च गर्ने अर्थात् बिहे व्रतबन्ध, जन्मदिवस, पास्नी जस्ता अनुत्पादक कार्यमा फजुल खर्च नगर्ने ।

# भाग - एघार

## बीमा : जोखिम न्यूनीकरणको माध्यम

### ११.१ बीमाको परिचय

मानव समाजमा विपत्ति वा जोखिमका पर्याप्त सम्भावना हुन्छन् । व्यक्तिगत जीवन, रोजगारी, व्यावसायिक कारोबार आदि सबैमा धेरथोर जोखिम रहन्छ । उद्यम व्यवसाय गर्दा विभिन्न प्रकारका भवितव्य तथा दुर्घटना भई क्षति हुन सक्छ । यस प्रकारका अनिश्चित जोखिमहरूबाट बच्ने उपाय बीमाबाट प्राप्त हुन्छ । भविष्यमा आउन सक्ने अनिश्चित प्रकारका जोखिमलाई अन्यत्र हस्तान्तरण गरी सोबाट भएको क्षतिपूर्ति प्राप्त गर्ने माध्यम बीमा हो । समान प्रकृतिको अनिश्चित जोखिमले ग्रस्त भएका व्यक्ति वा समुदायले आफ्नो जोखिम अनुरूप बीमा शुल्क बुझाई करारको माध्यमबाट बीमा गरिएको घटना घटी क्षति भएमा बीमाका माध्यमबाट क्षतिपूर्ति प्राप्त हुन्छ । दुर्घटना सँधै अनिश्चित हुने भएकाले सबैका लागि क्षतिपूर्ति दिने नभई प्राप्त वा जम्मा भएको बीमाशुल्क कोषबाट क्षति हुने ब्यक्ति वा संस्थालाई क्षति भए जति बरारवरको मात्र भुक्तानी दिने व्यवस्था बीमाले गर्दछ ।

जस्तै २० जना व्यक्तिहरूले भैंसी पालेका छन् । ती व्यक्तिले भैँसीको बीमा गरेका छन् भने ती प्रत्येक भैँसीपालकले वार्षिक वा अर्धवार्षिक वा करार बमोजिम केही रकम बीमा कम्पनीलाई बुझाउनु पर्दछ । यदि आफूले पालेको भैँसी दुर्घटनाबश मर्‍यो वा नोक्सान भयो भने करार (बीमा सम्बन्धी करारलाई बीमालेख वा पोलिसी भन्ने गरिन्छ) बमोजिम बीमा कम्पनीले सो भैँसीको मूल्य बराबरको रकम भैँसीधनीलाई उपलब्ध गराउँछ । यस प्रकार बीमा गर्दा जोखिम न्यूनीकरण हुन गई व्यवसायमा हुन सक्ने हानि नोक्सानीबाट बच्न सकिन्छ ।

तसर्थ, बीमा भनेको जोखिम हस्तान्तरण एवं व्यवस्थापन गर्ने उत्तम उपाय हो । बीमाको सम्बन्ध कुनै न कुनै रूपमा जोखिमसँग जोडिएको हुन्छ । बीमा जोखिम हस्तान्तरणको एक करार हो ।

हरेक करार वा सम्झौता दुई पक्षका बीचमा सम्पन्न हुन्छ । बीमा पनि दुई पक्षका बीचमा हुने यस्तै करार हो । बीमा गर्दा कम्पनी (बीमक) र बीमा गर्ने व्यक्ति (बीमित) बीचमा करार गरिन्छ । यसमा बीमाको विषयवस्तुमा हुने जोखिमको क्षतिपूर्तिको भार बीमाको माध्यमबाट बीमकमा सार्ने काम गरिन्छ ।

यसका लागि बीमा कम्पनीले बीमा शुल्क (प्रिमियम) लिन्छ र बीमा शुल्क अंश/अंश वा एकमुष्ट रूपमा पनि बुझाउन सकिन्छ । बीमा शुल्क भुक्तानी पश्चात् बीमाको विषयवस्तुमा तोकिएको जोखिमबाट हानि/नोक्सानी भएमा आफूले स्वीकार गरे अनुसारको मूल्याङ्कनमा तोकिएको हदमा नबढ्ने गरी बीमा कम्पनीले क्षति बेहोर्ने गर्दछ । करार दुई पक्षबीच हुने हुँदा एक अर्काको धारणा स्पष्ट हुने गरी बीमा सुरक्षण माग्ने र क्षतिपूर्ति दिने व्याख्या गरी करार सम्पन्न हुन्छ ।

बीमा करारलाई बीमालेख भनिन्छ । बीमालेखमा बीमा गर्न प्रस्ताव गर्नेले बीमा प्रस्ताव गर्दा उल्लेख गरिएको उद्घोषणलाई आधार मानी प्रस्तावकको नाम, ठेगाना, जोखिमको विवरण, बीमा शुल्क बुझाएको, बीमा भएको वस्तु/दायित्व/व्यक्ति वा अन्य बीमा गरिएको परिसर वा बीमा अवधि, शर्त वा अन्य प्रतिबन्धात्मक व्यवस्था वर्णन गरिएको हुन्छ ।

प्रत्येक करारमा शर्त भएजस्तै बीमा करारमा पनि जोखिम परिवर्तन भएमा सूचना गर्नुपर्ने, दाबी (क्षति) माग गर्दा खुलाउनु पर्ने व्यहोरा उल्लेख गर्नुपर्ने, दाबी विवाद भएमा समाधान गर्ने तरिका तथा क्षतिपूर्तिमा कुनै बन्देज हुने भएमा सोको शर्त आदि उल्लेख भएको हुन्छ ।

बीमा मुख्यतः जीवन बीमा र निर्जीवन गरी दुई किसिमको हुन्छ । जीवन बीमामा आजीवन जीवन बीमा, सावधिक जीवन बीमा र म्यादी जीवन बीमा रहेका हुन्छन् भने निर्जीवन बीमामा अग्नि बीमा, सामुद्रिक (मार्गस्थ सामान) बीमा, हवाई बीमा, मोटर बीमा, इन्जिनियरिङ बीमा र विविध बीमा आदि रहेका छन् ।

## ११.२ बीमा गर्दा ध्यान दिनु पर्ने कुराहरू

कुरा नबुझी बीमा गर्दा विभिन्न झमेलाहरू बेहोर्नु पर्ने हुन्छ । अतः बीमा गर्न चाहने व्यक्ति वा संस्था वा व्यवसाय सञ्चालकले बीमा गर्दा निम्न कुराहरूमा ध्यान दिनु पर्दछ :

- के कति आवश्यकताले बीमा गर्न खोजिएको हो र बीमा गरेपछि उक्त उद्देश्य पूरा हुन्छ कि हुँदैन विश्लेषण गरी सो बारेमा प्रष्ट हुनु पर्दछ ।
- बीमालेखमा इच्छाएको व्यक्तिको बारेमा प्रष्ट ढङ्गले उल्लेख गर्नु पर्दछ ।

- कुनै जोखिम सबैभन्दा बढी सम्भाव्य छ र बीमा पश्चात् सो जोखिम सुरक्षण हुन्छ हुँदैन सोका बारेमा पूर्ण जानकारी हुनुपर्दछ ।
- बीमा गर्दा बीमाको विषय वस्तुसँग सम्बन्धित हुने तथ्यहरू लुकाउनु हुँदैन र गलत बिवरण, जानकारी वा सूचना दिनु हुंदैन । यदि तथ्यहरू लुकाइएको वा ढाँटिएको पाइएमा बीमकले क्षतिपूर्ति प्रदान गर्दैन ।
- बीमा गर्दा आफूले तोकिएको रकम बराबर बीमाशुल्क बीमा अवधिभरि तिर्न सकिन्छ कि सकिँदैन सोबारेमा पनि ध्यान पुऱ्याउनु पर्दछ ।
- बीमा गरिसकेपछि बीमालेखमा उल्लिखित सम्पूर्ण विवरण, सर्त, सुविधा र अन्य प्रावधानहरू होसियारी पूर्वक पढ्नु पर्दछ । यदि आफूले चाहे बमोजिम भएको रहेनछ भने सम्बन्धित बीमकसँग तुरुन्तै सम्पर्क राख्नुपर्दछ ।
- बीमाशुल्क बुझाउँदा, प्रस्ताव फाराम भर्दा सहयोग लिइने व्यक्ति (बीमा अभिकर्ता) बीमा समितिबाट आधिकारिक रूपमा इजाजत पाएको हो होइन सो हेरेर मात्र निजलाई विश्वास गर्नु पर्दछ ।
- बीमाशुल्क भुक्तानी गरेपछि अनिवार्य रूपमा नगद बुझेको भर्पाइ लिनुपर्दछ र सो आफूसँग सुरक्षित राख्नुपर्दछ ।
- बीमा गरिएको व्यहोरा घर-परिवारका सदस्यलाई जानकारी गराउनुपर्दछ । कम्तीमा इच्छाएको व्यक्तिलाई जानकारी गराउनुपर्दछ ।
- बीमालेख नवीकरण मिति ख्याल गरी यथा समयमा बीमाशुल्क भुक्तानी गर्नुपर्दछ ।
- बीमा सम्बन्धी सम्पूर्ण कागजातहरू जस्तै बीमालेख, नगद बुझाएको रसिद आदि एउटै फाइलमा फाइलिङ गरी घर जग्गाको लालपुर्जा जस्तै सुरक्षित राख्नुपर्दछ । रकम भुक्तानी लिने प्रयोजनको लागि यी कागजात आवश्यक पर्दछन् ।

# भाग - बाह्र

## शेयर : पूँजी निर्माणको माध्यम

सामान्य अर्थमा सरकार वा कुनै कम्पनीले आफूलाई चाहिने रकम सङ्कलन गर्न जारी गरेको वित्तीय औजारलाई धितोपत्र भनिन्छ । यस अन्तरगत सरकारी ऋणपत्र, डिबेञ्चर तथा कम्पनीले जारी गरेको शेयर, बण्ड, डिबेञ्चरहरू रहेका हुन्छन् । कुनै कम्पनीको शेयर खरिद गरे वापत लगानीकर्तालाई रकम भुक्तानीको प्रत्याभूति वापत दिइने निस्सा कागज वा प्रमाणपत्रलाई शेयर प्रमाणपत्र भनिन्छ ।

सामान्यतया प्रति कित्ता शेयरको अंकित मूल्य रु. १००।- कायम गर्ने चलन छ । शेयर खरिदकर्ता कम्पनीका मालिक हुन् । कम्पनीको लाभ-हानीमा प्रत्येक शेयरधनीको आफ्नो शेयर कित्ता बमोजिमको हिस्सा रहेको हुन्छ । शेयरको अवधि कम्पनीको आयु जस्तै अविच्छिन्न रहन्छ तर लगानीकर्तालाई बीचैमा रकमको आवश्यकता परे दोश्रो बजार (शेयरबजार) मार्फत बिक्री गरी रकम प्राप्त गर्न सकिन्छ । यसो गर्दा नयाँ खरिदकर्ता कम्पनीको नयाँ शेयरधनी बन्छ ।

सङ्गठित संस्थाले आफ्नो व्यवसाय विस्तार गर्न, वस्तु उत्पादन गर्न, आवश्यक चल अचल सम्पति खरिद गर्न, वस्तु तथा सेवा सम्बन्धी अनुसन्धान तथा विकास एवम् विज्ञापन जस्ता कामका लागि चाहिने पुँजीको आवश्यकता पूरा गर्न शेयर लगायतका धितोपत्र निष्काशन गर्दछन् । यसबाट लगानीकर्तालाई लगानीको अवसर प्राप्त हुन्छ । धितोपत्रका माध्यमबाट लगानीकर्ताहरूसँग छरिएर रहेको वचत उद्योग-धन्दामा परिचालित भई देशको आर्थिक विकासमा सर्वसाधारणको योगदान पुग्न जान्छ ।

खास गरी कम्पनीको शेयर अग्राधिकार र साधारण गरी दुई प्रकारका हुन्छन् । अग्राधिकार शेयरमा लाभांश पाउने दर निश्चित गरिएको हुन्छ । यस्ता शेयरलाई तोकिएको प्रतिशत लाभांश वितरण गरेर बाँकी रहेको रकम सम्बन्धित कम्पनीको भावी विकास र विस्तारका लागि सञ्चय गर्ने गरिन्छ । साधारण शेयरमा लगानी गर्ने लगानीकर्ताले लगानीको मात्रा अनुसार स्वामित्व प्राप्त गर्ने हुँदा मुनाफामा सोही बमोजिमको हिस्सा प्राप्त गर्दछन् । साधारण शेयर धनीलाई कम्पनीको संचालक समिति चयन गर्न मतदान गर्ने र आफू पनि उम्मेदवार बन्न सक्ने अधिकार समेत हुन्छ । कम्पनीले नाफा गर्दा आफ्ना शेयरधनीलाई नगद लाभांश वा बोनस शेयर वितरण गर्दछ । कम्पनी खारेजीमा गएको

अवस्थामा ऋणपत्र धनी र अग्राधिकार शेयरधनीलाई भुक्तानी गरिसकेपछि बाँकी रहेको रकम मात्र साधारण शेयरधनीले प्राप्त गर्दछन् । यसरी साधारण शेयरमा गरिने लगानी बढी जोखिमपूर्ण हुन्छ । बढी जोखिम उठाउन तयार हुने लगानीकर्तालाई मात्र साधारण शेयरमा लगानी गर्न उपयुक्त मानिन्छ । लगानीकर्ताको प्रमुख उद्देश्य कम जोखिममा बढी मुनाफा आर्जन गर्नु हो ।

शेयर प्रमाणपत्र धितो राखेर बैंक/वित्तीय संस्थाबाट कर्जा पाउन तथा शेयर बजारका ब्रोकर मार्फत शेयर नै बिक्री गरी नगदको आवश्यकता पुरा गर्न सकिन्छ । कम्पनी र बजारको सही विश्लेषण गर्न सक्नेले बजारको उतार चढावमा समेत शेयर खरिद बिक्री गरेर लाभ लिन सक्ने अवस्था रहन्छ ।

## १२.१ शेयरमा लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरू

○ कम्पनीका संस्थापकहरूको स्थिति

जुन कम्पनीको सेयरमा लगानी गर्न चाहेको हो, सो कम्पनीका संस्थापकहरूको शैक्षिक योग्यता, कम्पनी सञ्चालन सम्बन्धी अनुभव, हाल संलग्न पेसा, व्यवसाय र ती व्यवसायको वित्तीय स्थिति, व्यावसायिक छवि, सामाजिक पहिचान, अन्तरराष्ट्रिय सम्पर्क जस्ता तथ्यबारे जानकारी लिनु पर्दछ ।

○ कम्पनीको वित्तीय स्थिति

सम्बन्धित कम्पनीको अधिकृत पूँजी, चुक्ता पूँजी, ऋण व्यवस्थापन, मुनाफाको स्थिति, आम्दानीको श्रोत, खुद नाफा/नोक्सान, प्रति शेयर आम्दानी, सञ्चित नाफा, जगेडा कोषहरू, वास्तविक सम्पत्ति, खर्च व्यवस्थापन, कर्मचारीको उत्पादकत्व जस्ता विभिन्न वित्तीय परिसूचकहरू बारे जानकारी लिनु पर्दछ ।

○ व्यवस्थापन समूह

व्यवस्थापन समूहको र कम्पनीमा कार्यरत कर्मचारीको दक्षता र अनुभव, कार्यसम्पादन स्तर, उनीहरूले विगतमा अन्य कुनै निकायको व्यवस्थापनको जिम्मेवारी लिएको भए त्यसको परिणाम, कार्यरत कर्मचारीले कम्पनीको जागिर छोड्ने दर बारे पनि जानकारी लिनु उपयुक्त हुन्छ ।

○ वस्तु तथा सेवा

कम्पनीले उपलब्ध गराउने वस्तु तथा सेवा र बजारमा तिनको माग तथा आपूर्तिको अवस्था, बिक्री वितरणको स्थिति, दीर्घकालीन माग र बिक्री वितरणको सम्भावना, नयाँ वस्तु तथा सेवा विकासको सम्भावना, संभाव्य

आर्थिक तथा व्यावसायिक परिवर्तन तथा आर्थिक चक्रमा आफ्नो अस्तित्व बचाइ राख्न सक्ने क्षमताका साथै भावी रणनीतिबारे पनि जानकारी लिनु मनासिव हुन्छ ।

## १२.२ शेयर निवेदन भर्दा ध्यान दिनुपर्ने कुराहरू

- एक व्यक्तिले एकभन्दा बढी दरखास्त दिन नहुने ।
- दरखास्तसाथ स्वयंले प्रमाणित गरेको नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्ने ।
- अभिभावकको दस्तखतबाट नाबालकको नाममा पनि दरखास्त दिन सकिने ।
- नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने ।
- आवेदकले गरेको दस्तखत शेयर बिक्री गर्दा गरिने दस्तखतसँग दुरुस्त मिल्नुपर्ने ।
- आवेदकको ठेगाना, बाबु बाजेको नाम, दस्तखत लगायतका विवरणहरू बिर्सने सम्भावना पनि हुने हुँदा फोटोकपि गरेर सुरक्षित अभिलेख राख्नु उपयुक्त हुने ।
- बाँडफाँडमा नपरेको शेयरवापतको रकम फिर्ता लिन रकम जम्मा गरेको अर्धकट्टी अनिवार्य रूपमा पेश गर्नुपर्ने हुँदा सुरक्षित राख्नु पर्ने ।
- दरखास्त फारममा आवेदकको बैंक खाता, बैंक/वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर र हालसालै खिचेको फोटो संलग्न हुनु पर्ने ।

# भाग - तेह्र

## विदेशी विनिमय सम्बन्धी ज्ञान

नेपाल बाहेक अरु देशका मुद्राहरू नेपालका लागि विदेशी मुद्रा हुन् । यसलाई विदेशी विनिमय पनि भनिन्छ । हरेक देशका लागि विदेशी मुद्रा अत्यन्त महत्त्वपूर्ण हुन्छ । विदेशी मुद्रा धेरै सञ्चित भएमा देशलाई फाइदा हुन्छ । यसले देशको अर्थतन्त्रलाई बलियो बनाउँछ । हामीले अन्य देशबाट वस्तु तथा सेवा आयात गर्दा विदेशी मुद्रामा भुक्तानी गर्नुपर्दछ । यदि विदेशी मुद्रा अभाव हुन गएमा आयात वापतको भुक्तानी गर्न कठिनाइ पर्दछ । यसो भएमा मुलुकको अर्थतन्त्र सङ्कटमा पर्न सक्छ ।

फोटो

विदेशी मुद्रा विभिन्न स्रोतबाट प्राप्त हुन्छ । स्वदेशी वस्तु तथा सेवाको निर्यात, विदेशी पर्यटकहरूको आगमन, नेपाली कामदारले विदेशमा काम गरेर पैसा पठाएमा र विदेशी सरकार र संघ संस्थाले नेपाललाई सहयोग गरेमा नेपालले विदेशी मुद्रा प्राप्त गर्दछ । अहिले नेपालको विदेशी मुद्राको मुख्य स्रोत वैदेशिक रोजगार हो । आयातको दाँजोमा निर्यात बढ्न नसकेका कारण नेपालले निर्यात मार्फत थोरैमात्र विदेशी मुद्रा प्राप्त गर्ने गरेको छ । पर्यटनबाट नेपालले विदेशी मुद्रा प्राप्त गर्ने सम्भावना धेरै छ तर यसतर्फ हामीले अझै थुप्रै प्रयास गर्नुपर्ने आवश्यकता रहेको छ । यसप्रकार नेपाली दाजुभाइ दिदी बहिनीहरूले विदेशमा श्रम गरी कमाएर पठाएको पैसाले देशको ठूलो आयात वापतको भुक्तानी गर्न सघाएको छ । यस्तो पैसालाई विप्रेषण (Remittance) भनिन्छ । नेपालबाट धेरै भन्दा धेरै युवाहरू बाहिर जानाले देशभित्र श्रमशक्तिको अभाव भई ठूलो मात्रामा आयात गर्नु परिरहेको छ । तत्कालका लागि वैदेशिक रोजगार राम्रो देखिए पनि दीर्घ कालमा वैदेशिक रोजगारभन्दा मुलुकभित्र नै लगानी गरी उत्पादन, आय तथा रोजगारी बढाउनु उपयुक्त हुन्छ । यसले मुलुकलाई दिगो आर्थिक विकास गर्न मद्दत गर्दछ ।

नेपालमा भित्रिएको समग्र विदेशी विनिमयको ढुकुटी जिम्मा लिई सोको व्यवस्थापन गर्ने काम नेपाल राष्ट्र बैंकले गर्दै आएको छ । विदेशी मुद्रा राज्यको सम्पत्ति हो । यसको जथाभावी प्रयोग गरी दुरुपयोग गर्नु हुँदैन । आफैँले कमाएको भए पनि विदेशी मुद्रा सरकारी निकायले तोके बमोजिम मात्र खर्च गर्न पाइन्छ । यसको दुरुपयोग गरेमा कानुन बमोजिम कारबाही हुने गर्दछ ।

नेपाली मुद्राको अन्य मुद्रासँगको सटही दरलाई विनिमय दर भनिन्छ । अहिले भा.रु.सँग नेपाली मुद्राको विनिमय दर स्थिर छ । यो दर हाल भा.रु. १।- बरावर नेपाली रु. १.६० तोकिएको छ । अरू देशको मुद्रासँग विनिमय दर बजारमा स्वतन्त्र छोडिएको छ । यसले गर्दा अरू देशको मुद्रासँगको विनिमय दरमा तल-माथि भइरहन्छ ।

हाम्रो देशले अन्य देशबाट ठूलो मात्रामा वस्तु तथा सेवा आयात गर्नुपरेको छ । सो वापत भुक्तानी गर्न नेपालले अरू देशको मुद्राको माग बढी गर्नुपरेको छ । यस कारण नेपाली मुद्रा कमजोर हुन गई अरु देशको मुद्रा प्राप्त गर्न धेरै नेपाली मुद्रा तिर्नु पर्दछ । यसले नेपाललाई घाटा हुँदै गएको छ ।

नेपाल राष्ट्र बैंकको स्वीकृति नलिई कसैले पनि विदेशी मुद्राको कारोवार गर्न पाइँदैन । मुलुकभित्र विदेशी मुद्राको चलन गर्न अर्थात् कारोवार गर्न पनि पाइँदैन । भा.रु. लगायत सम्पूर्ण विदेशी मुद्रा साटेर नेपाली मुद्रा मात्र कारोवार गर्नुपर्दछ । मुलुकमा नेपाली मुद्रा मात्र कारोवार गरेमा मौद्रिक नीतिको प्रभावकारी कार्यान्वयन हुन सक्दछ र मूल्य नियन्त्रण गर्न सहयोग पुग्दछ ।






नेपालमा विभिन्न वाणिज्य बैंक तथा वित्तीय संस्था, मनी चेञ्जर कम्पनी तथा केही ठूला होटलहरू, ट्राभल्स/ट्रेकिङ, टुर्स एजेन्सीले विदेशी मुद्राको कारोबार गर्न स्वीकृति लिएका छन् । विदेशी मुद्रा सटही गर्दा ती स्वीकृति प्राप्त कम्पनीमा मात्र कारोवार गर्नुपर्दछ । सो कारोवार गरी रसिद या निस्सा पनि लिनु पर्दछ । यसो भएमा राष्ट्रका लागि आम्दानी हुने गर्दछ र विदेशी मुद्राको अभिलेख पनि रहन्छ । यी बैंक तथा कम्पनीहरूले गरेको विदेशी विनिमय कारोबारको सुपरिवेक्षण पनि नेपाल राष्ट्र बैंकले गर्दछ ।

# भाग - चौध

## विद्युतीय बैंकिङ सम्बन्धी ज्ञान

सूचना प्रविधिको विकाससँगै बैंकिङ तथा वित्तीय क्षेत्रमा नयाँ नयाँ प्रविधिहरू भित्रिइरहेका छन् । विद्युतीय बैंकिङ (इ-बैंकिङ) भन्नाले विद्युतीय मेसिनको सहायताले बैंक तथा ग्राहकको प्रत्यक्ष सम्पर्क विना नै बैंकले ग्राहकलाई प्रदान गर्न सक्ने विभिन्न किसिमका वित्तीय सेवा भन्ने बुझिन्छ । यस अन्तर्गत ए.टी.एम., मोवाइल फोन, कार्ड, इन्टरनेट बैंकिङ लगायतका उपकरण पर्दछन् । यस खाले प्रविधिको माध्यमबाट ग्राहकहरूले बैंकका बारेमा विभिन्न सूचना प्राप्त गर्नुका साथै रकम हस्तान्तरण गर्न सक्ने सम्मका सेवाहरू पर्दछन् । यसखाले प्रविधिका माध्यमबाट बैंक खाता सम्बन्धी जानकारी, आवश्यक रकमको रकमान्तर, आवश्यक रकम राख्ने तथा झिक्ने लगायतका सेवा सुविधाहरू पनि प्राप्त गर्न सकिन्छ ।

वर्तमान समयमा यी उपकरणको प्रयोग बढ्दै गएको छ । यी उपकरणले पैसाकै काम गर्ने भएकाले यी उपकरणलाई विद्युतीय मुद्रा (E Money) पनि भन्ने गरिएको छ । सूचना प्रविधिको विकाससँगै विद्युतीय मुद्राको प्रचलन, प्रयोग र उपकरण बढ्दै गएका छन् । यस्ता साधनले पैसाको कारोवारको मात्रा घटाउनुका साथै भुक्तानी गर्नका लागि पैसा नै बोक्नुपर्ने झन्झटबाट मुक्त गराएका छन् । खासगरी इन्टरनेट बैंकिङले यसमा धेरै सुविधा पुऱ्याएको छ । पढ्नका लागि काठमाडौंमा बसेको छोरालाई दिक्तेलमा बसेको बाबुले दिक्तेलमै अवस्थित बैंकको खातामा पैसा जम्मा गरिदिएपछि विना लागत छोराले काठमाडौंमा प्राप्त गर्न सक्ने भएको  छ । यसले गर्दा लेनदेन तथा भुक्तानी सुरक्षित र छिटोछरितो हुँदै आएको छ । पैसाको प्रयोग कम हुन गएकाले मुद्रा व्यवस्थापनमा गर्नुपर्ने राज्यको खर्च न्यूनीकरण गर्न मद्दत पुगेको छ ।

### १४.१ ए.टी.एम. कार्ड

ए.टी.एम. (Autometed Teller Machine (ATM) कार्ड एक किसिमको विद्युतीय कार्ड हो । कुनै पनि बैंक तथा वित्तीय संस्थामा खाता खोलिसकेपछि सो सेवा सञ्चालन गरेका बैंकले ग्राहकलाई ए.टी.एम. कार्ड (ATM card) उपलब्ध गराउँछ । यो कार्ड बैंक वा वित्तीय संस्थाको आफ्नो खातामा रहेको सम्मको रकम मेसिनको सहायताबाट झिक्न र खाताको मौज्तात विवरणबारे जानकारी

लिन सकिन्छ । खातामा भएको जति मात्र रकम चलाउन पाइने हुँदा यसलाई डेबिट कार्ड पनि भन्न सकिन्छ ।



बैंक वा वित्तीय संस्थाले खातावालालाई ATM कार्ड उपलब्ध गराउँदा कार्डका साथ गोप्य पिन नं (Personal Number) पनि उपलब्ध गराउँछ । ATM मेसिन कम्प्युटरको सहायताबाट बैंकको निर्देशन अनुसार चल्ने भएकाले सो कार्ड मेसिनमा छिराउने वित्तिकै उसले पिन नं. माग गर्दछ । सेवाग्राहीले आफ्नो गोप्य पिन नं टाइप गरेपछि खातामा पैसा छ भने आफूले चाहेजति रकम आफूले चाहेको नोटको दरमा अंक थिचेपछि मेसिनले त्यतिनै रकम प्रदान गर्दछ । ATM कार्ड र यसको पिन नं जहिले पनि सुरक्षित राख्नुपर्दछ । ATM कार्डका साथ बैंकले दिएको उपर्युक्त पिन नं कसैलाई पनि भन्नु वा सुनाउनु हुँदैन । कार्ड हरायो भने सो कार्ड पाउने व्यक्तिले सो कार्ड दुरुपयोग गरी नोक्सान पुऱ्याउन सक्दछ ।

आजको युगमा ATM कार्डको प्रयोग बढ्दो दरमा रहेको छ । यसले सेवाग्राहीलाई चाहेको रकम २४ सै घन्टा तुरुन्तै प्राप्त हुने भएकाले अपर्झट अवस्थामा समेत बैंक नगई पैसा प्राप्त गर्न सकिन्छ । यसबाट एकातिर सेवाग्राहीको समयको वचत हुन्छ भने अर्कातिर बैंक तथा वित्तीय संस्थालाई कर्मचारीले गर्नुपर्ने काम न्यूनीकरण हुन गई बैंक सञ्चालन खर्च कम हुन गएको छ ।

## १४.२ क्रेडिट कार्ड

क्रेडिट कार्ड पनि बैंकले सेवाग्राहीलाई उपलब्ध गराउने विद्युतीय कार्ड नै हो । यसलाई उधारो कार्ड भन्न सकिन्छ । यो कुनै पनि बैंक तथा वित्तीय संस्थाले आफ्ना विश्वासिला ग्राहकलाई जारी गर्दछ । यस कार्डद्वारा सेवाग्राहीले आफूसँग पैसा नहुँदा पनि वस्तु तथा सेवा खरिद गर्न सक्दछ । सो कार्ड मार्फत् बैंक तथा वित्तीय संस्थाले ग्राहकलाई कर्जा उपलब्ध गराउँछन् । सेवाग्राहीले

आफूसँग पैसा भएको बेला बैंकलाई कर्जा भुक्तानी गर्दछन् । कार्ड जारी गर्ने बैंकले सेवाग्राहीलाई ऋणको एक सीमा तोकिदिने गर्दछ । सरसामान खरिद गरिसकेपछि सेवाग्राहीले पैसा भुक्तान गर्न कार्डको प्रयोग गर्दछन् । यो कार्डबाट नगद निकाल्न पनि सक्दछन् । बैंकिङ क्षेत्रमा सूचना प्रविधिको विकाससँगै क्रेडिट कार्डको प्रयोग अत्यावश्यक बन्दै गएको छ । यसमा पनि एक पिन नं आवश्यक पर्दछ । सो पिन नं जहिले पनि गोप्य राख्नु पर्दछ ।

क्रेडिट कार्डको माध्यमबाट बैंक खातामा रहेको मौज्दातको सीमासम्म, खाता नखोली भौचरको आधारमा रकम जम्मा गरेको हदसम्म वा ग्राहकको विश्वसनीयताका आधारमा समेत तोकिएको कर्जा सीमा उपलब्ध गराउने गरिन्छ । खातावालाले उपयोग गरेको रकम निश्चित अवधिभित्र बैंकमा जम्मा गर्नु पर्ने शर्तमा अधिकांश बैंक तथा वित्तीय संस्थाहरूले क्रेडिट कार्ड जारी गर्ने प्रचलन लोकप्रिय बन्दै गएको छ ।

# भाग - पन्ध्र

## म्युचुअल फण्ड : पुँजी सङ्कलनको माध्यम

मुलुकको आर्थिक विकासका लागि लगानीको विकल्प छैन । लगानीका लागि पुँजी आवश्यक पर्दछ । पुँजी भनेको पैसा हो । यसलाई स्रोत वा साधन पनि भन्न सकिन्छ । कृषि, उद्योग, व्यापार वा कुनै पनि व्यवसायमा थप लगानी गरेपछि मात्रै मुलुकमा उत्पादन बढ्दछ। यसबाट लगानीकर्तालाई आय तथा सो कार्यमा संलग्न जोकोहीलाई पनि रोजगारी प्राप्त हुन्छ। यसै कारणले गर्दा हरेक राज्यले लगानी अभिवृद्धिका लागि प्रयास गरिरहेको हुन्छ । यस्तो लगानी सरकारी, निजी तथा सहकारी जुनसुकै किसिमको पनि हुन सक्छ।

विभिन्न व्यक्ति तथा संस्थाहरूले आफूसँग रहेको स-सानो रकम लगानी गर्न अवसरको खोजी गरिरहेका हुन्छन् । तर समय, पर्याप्त जानकारी, वित्तीय विश्लेषण गर्ने क्षमता, जोखिम व्यवस्थापन सम्बन्धी जानकारीको अभावका कारणले लगानी गर्न सकिरहेका हुँदैनन्। त्यस्तो अवस्थामा स-साना लगानीकर्ताको रकम सङ्कलन गरी पुँजी तथा मुद्रा बजारमा लगानीको व्यवस्था/वातावरण मिलाइ दिनको लागि स्थापना गरिएको कोषलाई आपसी कोष (म्युचुअल फण्ड : Mutual Fund) भनिन्छ। यस्तो कोषमा लगानी गर्नको लागि कानून बमोजिम स्थापित संस्थाले स-साना व्यक्तिगत लगानीकर्ताबाट रकम सङ्कलन गर्ने र लगानीका सिद्धान्तहरूको आधारमा कम जोखिम तथा उपयुक्त प्रतिफल प्राप्त हुने गरी लगानीको व्यवस्थापन गर्दछ । व्यक्तिगत तवरमा पुँजी बजारमा लगानी गर्नको लागि सूचनाको अभाव हुने, पर्याप्त वित्तीय जानकारी नहुने, विश्लेषणको क्षमता नहुने, समय, पर्याप्त पुँजी र बजारमा आएको परिवर्तनवारे पर्याप्त ज्ञानको अभावलाई पूरा गरी कम जोखिममा उपयुक्त

| | |
|---|---|
| | प्रतिफल प्राप्त हुने तरिकाले लगानी गर्ने र देशको पुँजी निर्माणमा समेत योगदान दिने मनसायले यस्ता कोषहरूको स्थापना गरिएको हुन्छ। |
| | स-सानो पुँजीको सङ्कलन गरी पुँजी निर्माण, व्यावसायिक व्यवस्थापन, लगानीमा विविधीकरण, लगानी व्यवस्थापनको लागत न्यूनीकरण, तरलताको सुविधा र करमा छुट लगायतका फाइदाको लागि म्युचुअल फण्डमा लगानी गरिन्छ। नेपालमा वाणिज्य बैंकहरूद्वारा प्रवर्द्धित म्युचुअल फण्ड कम्पनीहरूले यस प्रकारको सेवा प्रदान गरिरहेका छन् । यी कम्पनीहरूले लगानीकर्ताहरूको आवश्यकता र प्रचलित कानूनको अधिनमा रही निश्चित अवधिसम्म रकम सङ्कलन गरी बन्द गर्ने योजना (Close Ended Scheme) र सधैँभरि रकम सङ्कलनको लागि खुला रहने योजना (Open Ended Scheme) गरी दुई प्रकारका एकाइहरू लगानीकर्तालाई बिक्री गरी लगानीको लागि रकम सङ्कलन गर्ने गरेका छन् । |

# भाग - सोह्र

## सम्पति शुद्धीकरण निवारण : वित्तीय अपराध नियन्त्रण

कानुनले नगर्नु भनेको काम गरेर कमाएको रुपैयाँ वा कुनै पनि किसिमको धन सम्पत्ति कहिल्यै आफ्नो हुँदैन । त्यस्तो धन कालो धन हो र गैर कानुनी पनि । गैर कानूनी काम गर्ने, कालो धन कमाउने र कालो धन खर्च गर्ने व्यक्ति देशकै अपराधी हो । त्यस्तो पैसाले घर किनेमा, घर बेचेमा, खाएर सकेमा वा अन्य जे काम गरे पनि अपराध हुन्छ । त्यस्तो धन कुनै पनि बेला देशले जफत गर्न सक्दछ, जरिवाना गर्न सक्दछ र जेलसमेत जाने अवस्था रहन सक्दछ ।

गैर कानूनी धनलाई कुनै पनि किसिमले कानूनी धन भनी देखाउने काम गरेमा अपराध हुन्छ । त्यस्तो अपराधलाई सम्पत्ति शुद्धीकरण (Money Laundering) पनि भनिन्छ । अर्को शब्दमा कालो धनलाई सेतो बनाउने कार्य नै सम्पत्ति शुद्धीकरण हो । सम्पत्ति शुद्धीकरण गर्ने व्यक्तिले गैर कानूनी सम्पत्ति अरु कसैलाई हस्तान्तरण गर्दछ । सम्पत्तिको स्वरूप र प्रकृति रूपान्तरण गर्दछ । सम्पत्तिको यथार्थ स्रोत, लक्ष्य, स्थान, हकाधिकार, स्वामित्व, गतिविधि लुकाउने, बदल्ने, छल्ने, छुटाउने प्रयास गर्दछ । अन्य कुनै कानूनी तरिकाबाट आर्जन भएको देखाउने काम गर्दछ । यस्तो व्यक्तिले बैंक तथा वित्तीय संस्थामा रकम राख्ने, झिक्ने, घरजग्गा, मोटर, सुन चाँदी किन्ने बेच्ने, लगानी गर्ने जस्ता काम गर्दछ । कसैले पनि उसको गैर कानुनी स्रोत पत्ता लगाउन नसकोस् भनी नयाँ नयाँ कागज सिर्जना गर्दछ । तर अन्त्यमा त्यस्तो कुरा पत्ता लाग्नासाथ उसको सबै सम्पत्ति जफत हुन्छ । त्यस्तो व्यक्ति विदेश गए पनि राज्यले छाड्दैन । अन्ततः उसले एक न एक दिन कारवाही भोग्नै पर्दछ ।

सम्पत्ति शुद्धीकरण रोक्न सकेमा सही काम गर्ने, मेहनत र परिश्रम गर्नेहरूको हित हुनेछ । गलत मान्छेहरू कारवाहीमा पर्नेछन् । देशले पाउने कर राजस्व छल्ने अवस्था रहँदैन । घुस, ठगी, जबरजस्ती असुली हुने छैन । सक्षम, पढे लेखेका, इमान्दार श्रमजीवी मान्छेहरूमा निराशा आउने छैन । इमान्दार र सक्षम मान्छेले प्रोत्साहन पाउने छन् । मिहिनेत र परिश्रमले प्रश्रय पाउने छ । युवा तथा सक्षम जनशक्ति विदेश पलायन हुने छैनन् । मुलुक दिगो रूपमा विकासको मार्गमा अघि बढ्नेछ ।

यसबाट आर्थिक कारोवारमा पारदर्शिता आउने र आर्थिक अनुशासन कायम हुनेछ । छलकपट गर्ने पाखा लाग्नेछन् । काम र मेहनत गर्ने संस्कृतिको

विकास हुनेछ । नागरिकले आफ्नो रगत पसिनाले नेपालकै विकास गर्नेछन् । सामाजिक, प्रशासनिक, राजनैतिक सबै क्षेत्रमा इमान्दार मान्छेहरूको बाहुल्य रहनेछ । केही गर्न सकिन्छ भन्ने विश्वास जाग्नेछ । औद्योगिक र लगानीको वातावरण सिर्जना हुनेछ । रोजगारी र उत्पादन बढ्नेछ । आर्थिक लाभ हुन थाले पछि सबै क्षेत्रमा अस्थिरता कम हुन थाल्नेछ । देश समृद्ध हुनेछ । विकृतिहरू कम हुँदै जानेछन् । नयाँ सिर्जनात्मक मानसिकताको बीज रोपिने छ । शान्ति र विकासको बाटो खुल्ने छ । यसमा एउटै कुरा आवश्यक छ : हामी नेपालका भोलिका कर्णधारले राम्रो मात्र काम गर्ने प्रण गरौँ । गलत गर्ने जो कोही विरुद्ध कारवाही हुनु पर्छ भन्ने माग गरौँ र कानूनी राज्यको स्थापनामा सचेत नागरिकको परिचय दिने काम गरौं ।

सम्पत्ति शुद्धीरकणका सम्बन्धमा ध्यान दिनुपर्ने कुरा

- कानूनले नगर्नु भनेको काम गर्नु हुँदैन ।
- गैर कानूनी काम गरे अपराध हुन्छ ।
- घुस लिनु दिनु, कर छल्नु, ठग्नु, चोर्नु जस्ता काम गैरकानुनी कार्य हुन् ।
- गैरकानुनी काम गरेर कमाएको रूपैया धन-सम्पत्ति कालो धन हो ।
- कालो धनलाई कानुनी देखाउने कामलाई सम्पत्ति शुद्धीकरण अर्थात Money Laundering भनिन्छ ।
- यस्तो काम बैंक वित्तीय संस्थामा रकम राख्ने, झिक्ने, घर जग्गा मोटर सुन चाँदी किन्ने बेच्ने, लगानी गर्ने जस्ता काम गरेर फत्ते गर्ने गरिन्छ ।
- सम्पत्ति शुद्धीकरणलाई रोक्न जहाँ र जहिले पनि स्रोत खोजिन्छ ।
- बैंक वित्तीय संस्थामा निक्षेप राख्दा, घर, जग्गा वा सुन चाँदी किन्दा स्रोत खोल्नु पर्छ ।
- कालो धन कुनै पनि बेला देशले जफत गर्न सक्दछ ।
- जरिवाना हुन सक्छ र जेल जाने अवस्था समेत रहन्छ ।
- धन सकिएर टाट पल्टिए पनि सजाय अवश्य हुन्छ ।
- विदेश गए पनि यसबाट उम्कन पाउँदैन ।
- कालो धन कमाउनेलाई कारवाही हुन सके सही काम गर्ने, मेहनत

र परिश्रम गर्नेको हित हुनेछ ।

- गलत मान्छेहरू कारवाहीमा पर्नेछन् ।
- आर्थिक कारोबार पारदर्शी भई आर्थिक अनुशासन कायम हुने छ ।
- मेहनत र परिश्रम गर्ने संस्कृतिको विकास हुनेछ ।
- मुलुक शान्ति, विकास र सम्मृद्धिको मार्गमा अघि बढ्नेछ ।

यस प्रकार मुलुकमा सम्पत्ति शुद्धीकरण विरुद्धमा अभियान चलाउन र कालो धन रोक्न बैंक तथा वित्तीय संस्था, नेपाल राष्ट्र बैंक र सरकारका अन्य धेरै निकायले समन्वयात्मक रूपमा काम गरिरहेका छन् । यसका लागि बैंक वा वित्तीय संस्था, नेपाल सरकारका आधिकारिक निकायले मागेको कागजात र गोप्य सूचना दिई सहयोग गर्नु हामी सबैको कर्तव्य हो ।

# भाग - सत्र

## उपसंहार : बिसौनी

बालबालिका र युवाहरूको वित्तीय अधिकारको सम्बर्द्धन अहिलेको आवश्यकता हो । बाल तथा युवा मैत्री सेवाहरूको सञ्चालन तथा उनीहरूलाई प्रदान गरिएको वित्तीय चेतनामूलक शिक्षाबाट सभ्य, सुसंस्कृत, परिष्कृत आर्थिक नागरिक बनाउन सकिन्छ । यसले विद्यार्थीहरू यथासमयमा उद्यमशील बन्न सक्ने र यसबाट उनीहरूका साथै मुलुकको समेत समृद्धिमा टेवा पुग्न गई भविष्य उज्वल रहने हुन्छ ।

हाम्रो जस्तो ग्रामीण एवम् निर्वाहमुखी अर्थतन्त्र भएको देशमा वित्तीय साक्षरताको आवश्यकता ग्रामीण क्षेत्रमा अझ बढी छ । विद्यार्थीसँग राष्ट्र बैंक कार्यक्रमलाई उद्देश्यमूलक एवम् नतिजामुखी बनाउनु आवश्यक छ । यस्तो पुनित कार्यमा नेपाल राष्ट्र बैंकको एकल प्रयास मात्र पर्याप्त नभई सम्बद्ध सबैले हातेमालो गर्नुपर्ने आवश्यकता रहेको छ ।

वित्तीय साक्षरता अभियानलाई व्यवहारमा उतार्न बैंक तथा वित्तीय संस्था, तिनका संघ सङ्गठन, शिक्षा मन्त्रालय, सामुदायिक तथा निजी शैक्षिक संस्था र उनीहरूका संघ सङ्गठनसँग समन्वय गरी अघि बढाउनु नितान्त आवश्यक छ । साथै, वित्तीय चेतना अभिवृद्धिमा स्थानीय निकाय, गैरसरकारी संस्था, सञ्चार माध्यम, नागरिक समाजका साथै हरेक सचेत नागरिकको भूमिका एवं सक्रियता उत्तिकै जरुरी देखिन्छ ।

यस कार्यक्रमलाई निश्चित क्षेत्र, समय, वर्गमा मात्र सीमित गर्न हुँदैन । यस कार्यक्रमलाई वर्षभरि नै उत्कृष्ट ढङ्गले सञ्चालन गर्ने बारेमा एउटा खाका बनाई योजनाबद्ध रूपमा अगाडि बढ्नु जरुरी छ । नेपाल राष्ट्र बैंकले यस सम्बन्धमा सम्बद्ध सबै विद्यार्थी, जनसाधारण तथा सरोकारवाला निकायहरूबाट सहयोगको अपेक्षा गरेको छ । सबैभन्दा महत्त्वपूर्ण कुरा विद्यालय स्तरका पाठ्यक्रममा नै वित्तीय साक्षरताका हरेक पक्षहरूलाई क्रमशः समावेश गर्नु नितान्त अपरिहार्य छ । यसको लागि नेपाल सरकारको प्रतिबद्धता र सरोकारवाला निकायहरूको भूमिका सबैभन्दा फलदायी र उपयोगी रहने छ ।

# टिप्पणी